# विषयसूची


१. खुशीको सन्देशको थालनी *** १:१-११

२. स्वस्थ देहमा स्वस्थ आत्मा * २:१-१२

३. येशूको निम्ति थापिएको पासो ** ३:१-६

४. आँधीको बीचमा ** ४:३५-४१

५. आशाविहीन अवस्था ** ५:१-२०

६. जब सम्भाव्य अति नै नराम्रो घटना घट्दछ ** ५:२१-४३

७. आफ्नो पहिचान गुमाउने स्त्री* ५:२५-३४

८. थालमा शिर ** ६:१६-२९

९. २५,००० रोटीहरू तथा १०,००० माछाहरू ** ६:३०-४४

१०. इफ्फाता- खुल्ला होओस् ** ७:३१-३७

११. इच्छाबिनाको अन्धो मान्छे ** ८:२२-२६

१२. जीवन बचाउनु र गुमाउनु*** ८:३४-३८

१३. मनतातो विश्वासी* ९:१४-२९

१४. छल गर्नेको दुर्दशा*** ९:४२-५०

१५. येशू र बच्चाहरू ** १०:१३-१६

१६. पृथ्वीमा भएको सम्पत्ति* १०:१७-२७

१७. को प्रधानमन्त्री हुन सक्नेछ ?** १०:३२-४५

१८. अन्धो भिखारीको रोदन* १०:४६-५२

१९. श्रापित रूख*** ११:१२-२५

२०. शारीरिक पुनरुत्थान हुँदैन*** १२:१८-२७

२१. येशूको दोस्रो आगमन*** १३:१४-३२

२२. प्रेम कहिल्यै असफल हुँदैन** १४:१-९

२३. एक बनावटी प्रकारले येशूको जाँच** १५:१-१५

२४. विश्वास गर्न नसकिने पुनरुत्थान** १६:१-११


* सजिलो– यी कुराहरूसाथ सुरु गर्नुहोस्, ** ठीकै, *** कठिन

## १. खुशीको सन्देशको थालनी १:१-११

**पृष्टभूमिः** पुरानो नियममा अगमवक्ता एलियाले जस्तो पहिरन लगाएका थिए, त्यही किसिमको वस्त्रलाई बप्तिस्मा दिने यूहन्नाले पनि लगाएका थिए (२ राजाहरू १:८ लाई तुलना गर्नुहोस्) । मरुभूमिमा खाइने सामान्य खाना भनेको मह तथा सलह हुने गर्दथ्यो । कसैको जुत्ता खोल्नु भनेको सेवक वा नोकरको सबैभन्दा तल्लो स्तरको काम हुने गर्दथ्यो । टिपोटः यदि कसैले अघिल्लो प्रश्नको जवाफ दिएनन् भने मात्र कोष्ठभित्र रहेको प्रश्नहरूको उत्तर दिनुपर्ने हुन्छ ।

१. यदि एउटा व्यक्तिले आफ्नो सबै जवानी काल मरुभूमिमा बिताउँछ भने, उसले कस्तो किसिमको कुराहरूलाई सिक्दछ होला ? (यूहन्नाको दिनहुँको जीवन मरुभूमिमा कसरी बित्दथ्यो होला ? कल्पना गर्नुहोस्) ।
   - यो खण्ड लेखिएको समयमा, यूहन्ना अघिबाटै ३० वर्षको भइसकेका थिए । उनको उमेरको जवान मानिसहरूले सामान्यतया पछ्याउने कुराहरूलाई किन उनले पछ्याएका थिएनन् होला ?
   - किन यूहन्नाले राजधानी सहर यरूशलेममा सामान्यतया आफ्नो सेवकाइ गरिरहेका थिएनन् ?
   - यूहन्नाको लोकप्रियताको रहस्य के थियो ?

२. किन मानिसहरूले यूहन्नाको बप्तिस्मा लिन रुचाएका थिए भन्ने विभिन्न कारणहरूबारे सोच्नुहोस् (४-५) ?
   - यूहन्नाले उनीहरूलाई बप्तिस्मा दिन सहमत हुनुभन्दा पहिले किन मानिसहरूले सार्वजनिक रूपमा आफ्ना पापहरूलाई स्वीकार गर्नुपर्दथ्यो (५) ?
   - यदि तपाईंले आफ्नो पापलाई सार्वजनिक रूपमा स्वीकार गर्नु परेको भए, तपाईंको विचारमा के तपाईंले आफैलाई बतिप्समा लिन तयार गर्नुहुने थियो होला ?
   - येशूको निम्ति बप्तिस्मा दिने यूहन्नाको सेवकाइले कसरी मार्ग तयार पारेको थियो होला (२-४) ? येशूले आफ्नो सेवकाइलाई थालनी गर्नुभन्दा पहिले कसरी यूहन्नाको सेवकाइ आवश्यक थियो ?

३. येशूलाई हाम्रो हृदयमा प्रवेश गराउनको निम्ति कसरी हामीले हाम्रो हृदयलाई तयार पार्न सक्छौं (३) ?
   - अन्य मानिसहरू (जस्तै कि आफ्ना प्रियजनहरू) जीवनमा येशूलाई प्रवेश गराउनको निम्ति कसरी हामीले उहाँको लागि बाटो तयार पार्न सक्छौं ?

४. किन लोकप्रियताले यूहन्नालाई अहंकारी बनाएन ?

- आउँदै गर्नुभएको मसीहको जुत्ताको फित्ता खोल्नसमेत पनि यूहन्नाले आफैलाई योग्यको ठानेन ?

५. येशूको बप्तिस्मा तथा यूहन्नाको बप्तिस्माबीच के भिन्नता रहेको छ ? (येशूले आफ्ना चेलाहरूलाई पवित्र आत्माद्वारा बप्तिस्मा दिनुहुनेछ भन्नाले के बुझिन्छ (८) ?

- यो खण्डमा आधारित हुँदै मुक्तिको निम्ति बप्तिस्मा किन आवश्यक हुन्छ ?

६. येशूले कुनै पनि कुराको निम्ति पश्चाताप गर्नुआवश्यक नभए तापनि किन उहाँले पश्चातापरूपी बप्तिस्मा लिन मन पराउनुभयो ?

७. येशूको बप्तिस्माको समयमा त्रित्व परमेश्वरको उपस्थिति कसरी रहेको थियो ?

- किन परमेश्वर पिताले आफ्नो पुत्रलाई उहाँको बप्तिस्माको समयमा प्रत्यक्ष रूपमा स्वर्गबाट आफ्नो प्रेमलाई प्रकट गर्न मन पराउनुभयो (११) ?

८. जब स्वर्गीय पिताले तपाईंलाई यतिखेर तत्कालै हेर्नुहुन्छ, के पद ११ मा भएको शब्दहरू तपाईंको लागि पनि भन्नुहुन्छ जस्तो तपाईंलाई लाग्छ ? कारणहरू दिनुहोस् ।

**खुशीको सन्देशः** पद ११ मा भएको शब्दहरूले परमेश्वरले अब्राहामलाई भन्नुभएको शब्द स्मरण गराउँछ । जस्तैः "उहाँले भन्नुभयो, "तेरो छोरो, अर्थात् तैंले माया गरेको तेरो एउटै छोरो इसहाकलाई लिएर मोरीयाहको देशमा गई मैले तँलाई देखाएको डाँड़ामा त्यसलाई होमबलि गर् (उत्पत्ति २२:२) ।" येशूको बप्तिस्मा भनेको क्रूसतर्फ उहाँले बढाउनुभएको पहिलो कदम थियो ।

## २. स्वस्थ आत्मा स्वस्थ शरीरमा २:१-१२

**पृष्टभूमिः** येशू ख्रीष्टको समयमा घरहरूका **छानोहरू समतल** हुने गर्दथे र ती टायलहरू तथा चुनढुङ्गाहरूले बनेका हुन्थे । ती हिजोआज हाम्रा घरका छानाहरूभन्दा सजिलैसँग भत्काउन सकिने किसिमको हुन्थ्यो । अनि बाहिरतिरचाहिँ छानोसम्म पुग्ने भऱ्याङ हुने गर्दथ्यो । यदि कुनै व्यक्तिलाई **पक्षघातको रोग** लागेको हुन्थ्यो भने, त्यो सामान्यता रक्तस्रावको कारणले हुने गर्दथ्यो र त्यो सामान्यतया अर्धवैंसे वा पाको उमेरतिर हुने गर्दथ्यो । **मान्छेको पुत्र** भनेको येशू आफै नै हुनुहुन्थ्यो ।

१. यसरी पक्षघात भएको मान्छेको दैनिक जीवन कस्तो हुन्थ्यो होला, एकैछिन् कल्पना गर्नुहोस् । उसले कस्तो किसिमको कठिनाईहरूलाई सामना गरेको थियो होला ? (त्यस्तो व्यक्तिलाई कस्तो किसिमको

उपचारको खाँचो पर्दथ्यो होला ? यसरी बिमारी परेको कारण कसरी उसको अन्य मानिसहरूसँगको सम्बन्धलाई असर गरेको थियो होला ? भविष्यको निम्ति उसको योजना तथा कल्पनाहरू कस्ता थिए होलान ? उसको जीवनको अर्थ के थियो ?)

- यो पक्षघातीको हेरचाह गर्ने व्यक्तिको दैनिक जीवन कस्तो भएको थियो होला, कल्पना गर्नुहोस् । त्यो कस्तो हुन्थ्यो होला ?

२. पद ५ मा त्यो व्यक्ति पापी भएको कुरा स्पष्ट छ । यदि आफू चल्न पनि नसिकने अवस्थामा एउटा व्यक्तिले कस्तो किसिमको पाप गर्न सक्छ होला र ?

- छलफल गर्नुहोस्: मानिस भएको हुनाले यस्ता किसिमको बिमारीले हामीलाई असल गर्दथ्यो कि झन् खराब ?

३. यसरी पक्षघाती त्यो व्यक्तिलाई बोकेर लैजाने मानिसहरू को थिए ? विविध सम्भावनाहरूबारे छलफल गर्नुहोस् ।

- पद ३-४ मा देखाइझैं यी मानिसहरूलाई कुन कुराले त्यति दृढ बनायो होला ?
- यसरी आफ्नो साथीलाई येशूको अघि पुऱ्याउनको निम्ति ती मानिसहरूले के के गर्नुपरेको थियो होला ? उसको घरदेखि निकाल्ने क्रममा के के गर्नुपरेको थियो होला ? प्रत्येक कदमलाई वर्णन गर्दै कल्पना गर्नुहोस् । (कुन कुरा सजिलो थियो र कुनचाहिँ कठिन ?)

४. निको होस् भनेर यी साथीहरूले पक्षघाती मान्छेलाई येशूसमक्ष ल्याएका थिए । तर निको गर्नुभन्दा पहिले किन येशूले त्यस व्यक्तिको पाप क्षमा गर्नुभयो ? (किन येशूले त्यसरी प्रक्रियालाई अघि बढाउनुभयो ?

- यस पक्षघाती मान्छेको लागि पापको क्षमादानले के कुरा बुझायो ?

५. कल्पना गर्नुहोस् कि तपाईंले सबैभन्दा कठिन समस्यालाई येशूकहाँ ल्याउनुभयो र उहाँले त्यसलाई समाधान गर्नुको सट्टामा यसरी भन्नुभयो: मेरो छोरा/छोरी, तेरा पापहरू क्षमा भएका छन् । त्यसबेला तपाईं खुशी वा दुखी के हुनुहुनेछ होला ?

- यदि तपाईंले छनोट गर्ने मौका पाउनुभयो भने, तपाईंले के छान्नुहुन्छ होला: आफ्ना समस्याहरू समाधान नभएकोमा खुशी हुनुहुने थियो होला ? वा तपाईंका समस्याहरू समाधान भएका छन् तर तपाईंको विवेक दुखिरहेको हुनेछ होला ?
- आफ्ना पापहरू क्षमा पाएर जब उक्त पक्षघातीको हृदय हलुका भएको थियो, तब बिमारीप्रति उसका स्वभाव कसरी परिवर्तन भयो ?

६. पद ५ख मा येशूले कसको विश्वासको बारेमा चर्चा गरिरहनुभएको छ ? वाक्यसंरचनालाई ध्यान दिएर हेर्नुहोस् ।

- कतिबेला उक्त पक्षघातीले येशूमा विश्वास गर्न थालेको थियो ?

७. पद ९ मा येशूले सोध्नुभएको प्रश्नको उत्तर दिनुहोस् । (के त्यस मान्छेलाई निको पार्नमा येशूले कुनै मूल्य चुकाउनुपर्‍यो ? यो मान्छेको पापहरू क्षमा दिनको निम्ति येशूले कस्तो मूल्य चुकाउनुभयो ?

८. यो पाठले विश्वासको बारेमा मात्र चर्चा गरिरहेको छैन तर अविश्वासको बारेमा पनि । येशूले पापहरू क्षमा दिन सक्नुहुन्छ भनेर विश्वास गर्न व्यवस्थाको शिक्षकहरूलाई किन कठिन भएको थियो ?

९. आफै आउन नसक्ने वा नचाहने हाम्रा प्रियजनहरूलाई कसरी हामीले बोकेर येशूसमक्ष पुर्‍याउन सक्छौं ? (उनीहरूले येशूलाई कहाँ भेट गर्न सक्छन् ?)

१०. मेरो छोरा/छोरी तिम्रा पापहरू क्षमा भएका छन् भनेर उहाँले भन्न सक्नुभएको होस् भन्नाको लागि येशूले तपाईंलाई यो बाइबल अध्ययनमा डोर्‍याउनुभएको छ । तपाईंको वर्तमान् परिस्थितिमा यी शब्दहरूका अर्थ के हुन सक्छन् ?

## ३. येशूको निम्ति थापिएको पासो ३:१-६

**पृष्टभूमिः** येशू तथा उहाँका विरोधीहरूबीचको शबाथसम्बन्धी विवादलाई २:२३-२८ मा वर्णन गरिएको छ । यो दोस्रो हो । शबाथलाई एकदमै विस्तृत प्रकारले पालन गर्नु भनेको भनेको मसीहको आगमन तथा एउटा व्यक्तिको निम्ति आवश्यक कुरा हो भन्ने शर्त फरिसीहरूका थिए ।

१. कसरी कुँजो हात भएको व्यक्तिको दैनिक जीवनलाई त्यसले असर गरेको थियो ? (जस्तैः उसको काम, उसको आर्थिक अवस्था, उसको परिवार तथा परमेश्वरसँगको उसको सम्बन्ध आदि ? केवल एउटै मात्र हात चलाउन सक्ने व्यक्तिलाई त्यतिबेला कस्तो किसिमको काम उपलब्ध थियो होला ?)

- यो व्यक्तिको हात सुरुमा ठीकै थियो भन्ने कुरा हामीले पद ५ बाट बुझ्दछौं । जब यो व्यक्तिको हात कुँजो भयो तब उसलाई कस्तो परिस्थिति भएर जानुपर्‍यो होला ? सायद दुर्घटनाको कारणले त्यसो भएको थियो होला ?
- यो पाठबाट यस मान्छेको चरित्रबारे तपाईंले कस्तो प्रभावलाई पाउनुहुन्छ होला ?

२. त्यस बिहान सभाघरको वातावरण कस्तो थियो ?

- ➢ मूलपाठबाट हामी यो थाहा गर्न सक्छौं उक्त मान्छे सभाघरमा निको हुनको निम्ति आएको थिएन । त्यसो भए ऊ किन आयो त ?
- ➢ किन यो मान्छेले येशूसँग मद्दत मागेन ?
- ➢ त्यस विश्राम दिनमा सभाघरमा यो मान्छे तथा फरिसीहरू आउनुको अभिप्रायहरू के थिए होलान ? तुलना गर्नुहोस् ।

३. फरिसीहरूले येशूलाई गलत हुन् भनी ठानेका कुरा किन उनीहरूले उहाँलाई आरोप लगाउँदै प्रत्यक्ष बताइदिएनन् ?

- ➢ कुँजो हात भएको मान्छेको बारेमा फरिसीहरूले के सोचे ?

४. त्यस व्यक्ति जहाँ थियो, त्यही नै चङ्गाई नगरी किन येशूले उक्त मान्छेलाई सबै मानिसहरूका अघि उभिन लगाउनुभयो ?

- ➢ कुनै पनि मान्छेको अनुरोधमा उक्त मान्छे उठ्ने थियो होला ? तपाईंले के सोच्नुहुन्छ ?

५. पद ४ मा येशूले आफ्नो तथा आफ्ना विरोधीहरूका अभिप्रायलाई स्पष्टसँग देखाउनुभयो ।

- ➢ जीवन बचाउने वा मार्ने भन्ने जस्तो कठोर अभिव्यक्तिद्वारा येशूले यहाँ के भन्न खोज्नुभएको छ ?
- ➢ (फरिसीहरूका बानीहरूले कसरी यो मान्छेलाई मार्न सक्ने थियो ? कसरी येशूले त्यसको जीवनलाई बनाउनुभयो ?)

६. येशूको रीसलाई सुसमाचारहरूमा विरलै पाइन्छ । यो परिस्थितिमा किन येशू रिसाउनुभयो तथा दुखित हुनुभयो (५) ?

७. जसरी उसका हात तन्काऊ भनी बताइयो, तब येशूको बारेमा उसले के विश्वास गरिरहेको थियो ?

- ➢ आज पनि तपाईंबाट येशूले विश्वासको त्यस्तै कदम के अपेक्षा गरिरहनुभएको छ ?

८. येशूले बोल्नुभएको तथा गर्नुभएको कुन कुराले फरिसीहरूलाई त्यति धेरै रिस उठायो ताकि उनीहरूले उहाँलाई हत्या गर्ने सोचे ?

- ➢ यो घटनामा देखाइएअनुसार परमेश्वरमाथिको फरिसीहरूको विश्वास कसरी गलत थियो ?

९. आफ्नै जीवनलाई जोखिममा पारेर भए तापनि यस मान्छेलाई निको पार्नुको महत्व के थियो (४) ?

- ➢ किन येशूले मानिसहरूलाई मद्दत गर्नुभयो र बचाउनुभयो तापनि उहाँ किन मारिनुभयो (४) ?

**खुशीको सन्देश:** येशूले सिकाउनुभएको शबाथको सिद्धान्त भनेको फरिसीहरूले सिकाएको शिक्षाभन्दा एकदमै फरक थियो । फरिसीहरूका निम्ति त्यसले मानिसहरूले आफैलाई बचाउनको निम्ति पूरा गर्नुपर्ने व्यवस्था भन्ने बुझ्फाउँथ्यो । तर येशूको निम्ति त्यसले सुसमाचारको छायालाई झल्काउँथ्यो र आफ्ना पापहरूबाट क्षमा पाउन उहाँमाथि विश्वास गर्नेहरूलाई परमेश्वरले दिनुहुने विश्रामलाई बुझ्फाउँथ्यो (हिब्रू ४:९-१०) ।

## ४. आँधीतुफानको बीचमा ४:३५-४१

**पृष्टभूमि:** चेलाहरूमा चार पेशीय मछुवालाहरू थिए । उनीहरूले गालील झीललाई आफ्नै हातहरूझैं राम्ररी चिनेका थिए ।

१. गालीलको झील भनेको त्यसको आकारमा २०×१२ किलोमिटर थियो । यस्तो झीललाई पार तर्नको निम्ति लगभग कति समय लाग्दछ होला ?
   - झण्डै रात पर्न लागेको बेलामा यस्तो झीललाई पार गर्न कसैले अह्राएको सुन्दा तपाईलाई कस्तो लाग्छ ?
   - जब येशूले चेलाहरूलाई साँझतिर त्यसरी उक्त झीललाई तर्नु भनी भन्नुभयो, तब किन चेलाहरूले कुनै विरोध जनाएनन् ?

२. यसरी आँधीबेहरीले डुङ्गा हल्लाइरहेको बेलामा कसरी कुनै व्यक्ति मस्तसँग सुतिरहन सक्छ र ? विभिन्न कारणहरू देखाउनुहोस् । (त्यसले परमेश्वर तथा उहाँको आफ्नै मृत्युको सम्बन्धमा के कुरा प्रकट गर्छ ?)

३. तपाईंको विचारमा चेलाहरूले डुङ्गालाई पानीमा त्यसरी डुब्न नदिई तैरी राख्नको निम्ति कस्ता कदमहरू चालेका थिए होलान ?
   - त्यस्तो परिस्थितिमा चेलाहरूले परमेश्वरको सामर्थ्यमा किन विश्वास गर्न सकेनन् होला ?

४. तपाई तथा तपाईका प्रियजनहरू पानीमा डुब्नै लागेको जस्तो परिस्थितिमा पनि येशूचाहिँ निदाइरहनुभएको जस्तो के तपाईले कहिल्यै महसुस गर्नुभएको छ ? त्यसबारे बताउनुहोस् ।
   - पद ३८ चाहिँ एउटा प्रार्थना हो । यो पदद्वारा हामीले प्रार्थनाको बारेमा के सिक्दछौं ?

५. उनीहरूलाई आवश्यक मद्दत उनीहरूले पाए तापनि चेलाहरू किन छक्क परे ?
   जब तपाईले अन्तिम पटक गम्भीर सङ्कष्टलाई सामना गर्नुभयो, त्यतिबेला तपाईं कसरी चेलाहरूजस्तो हुनुभयो/भएन ?

६. यसरी जीवनका सङ्कष्टहरूमा हामीले कस्तो किसिमको आशा गर्न सक्छौं ?

७. आँधीबेहरीले साँच्चिनै येशूको आज्ञालाई माने भन्ने कुरा विश्वास गर्न तपाईंलाई कतिको सजिलो वा कठिन भयो (३९) ? कारण दिनुहोस् ।

- तपाईंको जीवनको आँधीको बीचमा अहिले नै येशू खडा भएर यसरी भनी रहनुभएको छः शान्त र स्थिर होअ । तपाईंको परिस्थितिमा यी शब्दहरूले कस्तो अर्थ दिन्छ होला ?

८. जब पद ४० मा भएको कुरालाई चेलाहरूले सुने, तब उनीहरूले कस्तो महसुस गरे ?

- यदि चेलाहरूलाई भनेझैं शब्दहरू तपाईंलाई पनि भन्ने हो भने, तपाईंले कसरी प्रतिक्रिया देखाउनुहुने थियो होला (४०) ?

९. मृत्युको डर तथा येशूले अच्चमका कामहरू गरिसक्नुभएपछिको डरबीचको भिन्नता के रहेको छ ( ४०-४१) ?

१०. विश्वासमा कमजोर व्यक्तिहरूलाई येशूले किन मद्दत गर्नुहुन्छ ?

- यो अनुभवद्वारा चेलाहरूको विश्वास कसरी परिवर्तन भयो ?
- तपाईंले अहिले अनुभव गरिरहनुभएको सङ्कष्टद्वारा तपाईंको विश्वास कसरी परिवर्तन होस् भन्ने तपाईं चाहनुहुन्छ ?

**खुशीको सन्देशः** चेलाहरू डुब्नबाट बचाइएका थिए, तर येशू आफैचाहिँ त्यसरी बचाइनुभएन । क्रूसमा चढाइएर मारिनु भनेको डुबेर मर्नु भनेजस्तै नै हो किनकि दुवै अवस्थामा ठीक त्यसरी नै सास रोक्किएको हुन्छ । अगुवाले भजन ६९:१-२ र १४-१५ पढ्न सक्नेछन् । येशू क्रूसको सङ्कष्ट सहेर मर्नुभयो भनी वर्णन गरिएको भजनहरूमध्ये यो पनि एउटा हो । आगोको समुद्रमा डुबेर मर्दै गरेको अवस्थाबाट बचाउनको निम्ति येशूले यही नै मूल्य चुकाउनु परेको थियो (प्रकाश २०:१४) ।

## ५. आशाविहीन अवस्था ५:१-२०

**पृष्टभूमिः** यो खण्डमा भएको मान्छे सायद **गैरइसाई** थियो किनकि ऊ गालील तालको पूर्वतिर बस्ने गर्दथ्यो । गैरइसाईहरूले सुँगुरहरू पाल्ने गर्दथे र खान्थे तर यहूदीहरूले त्यो कहिल्यै खाँदैन थिए । मानिसहरूमा **दुष्टात्मा** प्रायः मूर्तिपूजाको माध्यमद्वारा आउने गर्दथ्यो । **बथान** भन्नाले रोमी सेनामा भएका ६,००० बराबरको सङ्ख्यामा हुने जवानहरूजतिकै हुन् ।

१. दुष्टात्मा लागेको उक्त व्यक्तिका नातेदारहरू थिए (१९) । उसको त्यस्तो डरलाग्दो दुर्भाग्यबाट बचाउनको निम्ति उसका नातेदारहरूले कस्तो प्रयास गरेका थिए ?

- यस्तो परिस्थितिमा उसका पत्नी, बच्चाहरू तथा अभिभावको अवस्था कस्तो थियो होला (३-५) ?
- हाम्रो समयमा कस्ता मानिसहरूलाई यस खण्डमा उल्लेख भएजस्तै आशाविहीन अवस्था भनेर लिन सकिन्छ ?

२. पद ३-७ मा कस्ता कुराहरू उक्त मान्छेले आफ्नै इच्छामा गरेको थियो भने, अन्य दुष्टात्माको शक्तिले उसलाई जर्बजस्ती गराएको थियो ?

- येशूबाट यो मान्छेले के चाह्यो (६-७) ? (यो मान्छेको बानीमा कस्तो विपरीत कुरा तपाईंले देख्न सक्नुहुन्छ ?)

३. यो मान्छेले येशूबारे कुन कुरा उहाँलाई देख्नुभन्दा अघि नै थाहा गरेको थियो र उसले त्यो जानकारी कहाँबाट पायो (७) ?

४. एउटा मान्छेमा ६००० दुष्टात्मा प्रवेश गर्न सक्ने कारण के हुन सक्छ (९) ?

- नदेखिएको संसारमा रहेको शक्तिको सरचनाबारे येशू र दुष्टात्माबीचको वार्तालापले के कुरा प्रकट गर्दछ (८-१३) ?
- दुष्टात्माहरूको अनुरोधलाई किन येशूले स्वीकार गर्नुभयो र तिनीहरूले भनेजस्तै अनुमति दिनुभयो ?
- यो बाइबल अध्ययनमा सायद त्यस्ता मानिसहरू छन् होला जो यस्ता दुष्टात्माहरू, भूतहरू वा अन्धकारका शक्तिहरूदेखि डराउँछन् ? त्यस्ता व्यक्तिलाई यो खण्डले कस्तो सान्त्वना दिन सक्छ ?

५. आफ्नो छिमेकी यसरी निको भएकोमा किन गनेसेरतका मानिसहरू खुशी भएनन् (१४-१७) ?

- आजको समयमा २००० सुँगुरहरूलाई कति पर्दछ होला ?
- यदि एउटा व्यक्तिलाई बचाउनको निम्ति येशूले तपाईंको सबै सम्पत्तिहरूलाई नष्ट गरिदिनुभयो भने, तपाईंले कसरी प्रतिक्रिया दिनुहुने थियो होला ?

६. यो मान्छेको जीवनमा कतिओटा कुराहरू परिवर्तन भए ?

- येशूलाई भेट गरिसकेपछि, उसले त्यसरी कयौं वर्षसम्म गुफामा बिताएको समयबारे के सोच्यो होला ? (कसरी येशूले उसको जीवनलाई अवनतिबाट उन्नतितिर परिवर्तन गर्नुभयो ?)

७. किन येशूले उक्त मान्छेलाई आफूलाई पछ्याओस् भनेर चाहनुभएन (१८-१९) ?

- उहाँले यहूदीहरूलाई प्रायः त्यसरी आफूले गरेको अच्चमको कामबारे अरूलाई नबताउने आज्ञा दिनुभए तापनि किन यस गैरयहूदी व्यक्तिलाई चाहिँ उहाँले त्यो बताउने आज्ञा दिनुभयो ?

८. पद १९ मा भएको शब्दहरू येशूले आज हामी सबैसँग बोल्नुहुन्छ । तपाईंको वर्तमान परिस्थितिमा तिनीहरूले तपाईंलाई के बुझ्काउँछन् ? (तपाईंले आफ्ना छिमेकीहरूलाई कुन महान् कुराहरू बताएको परमेश्वरले चाहनुहुन्छ ?)

- यो पाठअनुसार, आशाविहीन अवस्थामा भएको व्यक्तिलाई तपाईंले कसरी व्यवहार गर्नुपर्दछ ?

९. येशूले शैतानसँगको प्रतिस्पर्धामा १०-० ले जित्नुभयो । त्यसो भए किन उहाँले कल्वरीको प्रतिस्पर्धामा आफ्नो मुद्दालाई हार्नुभयो त ?

**खुशीको सन्देश:** अगुवाले यशैया ५२:१४ र ५३:३ लाई पढ्न लगाउन सक्नेछन् । गनेसेरेतको मान्छेको जस्तै अवस्था येशू क्रूसमा रहँदा उहाँलाई भएको थियो । त्यतिबेला दुष्टात्माहरूलाई उहाँलाई सताउने अनुमति दिइएको थियो । उहाँले परमेश्वरसमक्ष हाम्रा सबै पापहरूलाई उठाउनुभएको कारण उहाँलाई त्यसरी सताइने अनुमति दिइएको थियो ।

## ६. जब सम्भाव्य अति नराम्रो घटना घट्दछ ५:२१-२४ र ३५-४३

**पृष्टभूमि:** सभाघरको शासनकर्तालाई सामान्यतया सहरमा भएको अति नै सम्मानित व्यक्तिबाट छान्ने चलन थियो । सुसमाचारमा भएका अन्य सबै सभाघरहरूका शासनकर्ताहरू भनेका याइरसबाहेक येशू मात्र हुनुभएको हामी देख्छौं । यस व्यक्तिको एउटै मात्र छोरा थियो (लूका ८:४२) ।

१. यसरी लामो प्रतिक्षापश्चात् जन्मिएको यो बच्चाले यो सानो परिवारको दैनिक जीवनलाई कसरी असर गर्‍यो होला ? कल्पना गर्नुहोस् ।

२. जब बच्चा बिमारी हुन्छ, तब अभिभावकहरूबीचको सम्बन्धमा के हुन सक्छ ? विभिन्न सम्भावनाहरूबारे सोच्नुहोस् ।

- जब उनको छोरी बिमारी भइँन्, परमेश्वरसँग याइरसको सम्बन्ध कस्तो भयो ?

३. याइरस जुन मानिसहरूसँग हिँडिरहेका थिए, त्यस समूहमा लोकप्रिय नरहेका मान्छेसँग मद्दत माग्नको निम्ति किन उनी सहमत भएका थिए ?

- येशूसँग याइरसले जस्तो प्रकारले मद्दत मागेका थिए, त्यसबाट उनको बारेमा हामीले के सिक्छौं (२२-२३) ?

४. जब पिताले आफ्नो घरबाट नराम्रो सन्देशलाई सुनेका थिए, तब उनले कस्तो महसुस गरे (३५) ?

- यदि तपाईंले अब येशूलाई सोधिराख्नु आवश्यक छैन भनी ठान्नुभएको अनुभव छ भने, त्यो कहिले भएको थियो होला ?

५. सम्भाव्य रूपमा अति नै दुःखलाग्दो घटना घटे तापनि, किन येशूले याइरसलाई नडराऊ भनी भन्नुभयो (३६) ?

- यस संसारमा तपाईं कुन कुरासँग अति नै डराउनुहुन्छ ? (तपाईंले आफ्नो मनमा उत्तर दिन सक्नुहुन्छ) ।
- यदि तपाईंको जीवनमा सम्भाव्य रूपमा अति नै डरलाग्दो घटना घटेको छ र येशूले तपाईंलाई नडराऊ भनी भनी रहनुभएको छ भने, तपाईंले कसरी प्रतिउत्तर दिनुहुने थियो होला ?

६. येशूले तपाईंलाई आज यसरी भन्नुहुन्छः नडराऊ र विश्वास मात्र गर । तपाईंको वर्तमान परिस्थितिमा यी शब्दहरूले तपाईंलाई कस्तो अर्थ दिन्छन् होला ?

- उक्त केटी मरिसक्दा पनि याइरसले के कुरा विश्वास गर्न सक्ने थिए ?
- यदि याइरसले येशूमाथि पटक्कै विश्वास नगरेको भए, उनले के गर्ने थिए होलान ?

७. याइरस नभएको समयमा उनको पत्नीले आफ्नो बच्चा मरेको देखेकी थिइन् । जब येशू तथा उनको पति घरमा आएको देखिन्, तब तपाईंको विचारमा उनको चिन्तन कस्तो भएको थियो होला ?

- याइरसको घरमा येशू आउनेहुने क्रममा, दाहसँस्कारको तयारी अघिबाटै भइसकेको थियो । पद ३९ मा अभिलिखित शब्दहरूद्वारा उनले त्यहाँ उपस्थिति पाहुनाहरूलाई के भन्न चाहेका थिए ?

८. येशूले उक्त मरेकी केटीलाई कसरी जीवित पार्नुभयो (४१-४३) भन्ने विवरणलाई राम्रोसँग पढ्नुहोस् । कुनचाहिँ विवरण तपाईंको विचारमा रोचक थियो ?

९. आफ्नो सेवकाइको निम्ति उक्त केटीलाई जीवित पार्नुभएको अच्चमलाग्दो कार्य एउटा राम्रो प्रतिवेदन हुन सक्ने भए तापनि किन येशूले कडाईका साथ त्यो कुरा कसैलाई पनि बताऊ भनी भन्नुभयो होला ?

१०. यसले उक्त केटीमा कस्तो प्रभाव पर्‍यो होला ? त्यसले उनको भविष्यलाई कसरी असर गर्‍यो होला ?

- यो अच्चमको कार्यपछि अभिभावकको जीवन कसरी परिवर्तन भयो होला ?
- पछिल्लो समयमा येशूको मृत्यु तथा बौरिउठाइको हल्लालाई यो परिवारले सुने, तब उनीहरूले के विचार गरे होलान ?

**खुशीको सन्देशः** जब येशूले नडराऊ र विश्वास गर भनी भन्नुभयो, तब उहाँले त्यो कुरालाई उहाँको जिम्मामा छोडिदिनु भनी बुझाउन खोज्नुभएको थियो । त्यसलाई उहाँले जिम्मा लिन सक्नुहुन्छ । आफ्नो पितासँगबाट छुट्टिने एउटै मात्र डर येशूलाई थियो । त्यो कुरामा उहाँ यति डराउनुहुन्थ्यो कि गेत्सेमनीको बगैँचामा उहाँको पसिना रगतमा परिणत भएका थिए । यसरी उहाँले परमेश्वरबाट अलग हुनु (जुनचाहिँ नरक हो) भनेको एउटा यस्तो कुरो हो जुन सबैभन्दा डरलाग्दो र त्यो कुरासँग हामी डराउनुपर्दछ भनी भन्नुभयो । यसरी उहाँमाथि विश्वास राख्नेहरूका जीवनमा उहाँले सबै कुराहरूलाई परिणत गर्दै आशिष्मा बद्लिन सक्नुहुन्छ ।

## ७. एउटा स्त्री जसले आफ्नो स्त्रीत्वको पहिचानलाई गुमाएकी थिइन् ५:२५-३४

**पृष्टभूमिः** मोशाको व्यवस्थाअनुसार रजस्वलाको समयमा स्त्रीलाई धार्मिक दृष्टिकोणले अशुद्ध मान्ने चलन थियो । त्यस्तो अवधिबाट गुज्रिरहेकी स्त्री वा तिनले छोएको कुनै पनि कुरालाई छुने अनुमति दिइँदैन थियो । अनि त्यसअवधिभरि तिनले मन्दिरमा प्रवेश गर्न पाउँदैन थिइन् (लेवी १५) ।

१. यदि उक्त स्त्री तीसदेखि चालीस वर्षको उमेरकी थिइन् भने, तिनी किशोरवस्था छँदादेखि नै तिनी बिमार भएकी थिइन् भन्ने कुरा अनुमान लगाउन सकिन्छ । यदि तिनले विवाह गरेकी भए, यस बिमारीले तिनको जीवनमा कस्तो प्रभाव पार्ने थियो होला ? यदि तिनी अविवाहित भएको भए के हुने थियो होला ?
   - शारीरिक रूपमा यसरी निरन्तर रक्तस्रावको परिणाम कस्तो रह्यो होला ?
   - त्यस्तो प्रकारको बिमारीले एउटा व्यक्तिको स्वःप्रतिष्ठामा कस्तो असर गर्नेछ ?

२. यसरी किशोरवस्थादेखि नै यस्तो बिमारीको शिकार भएकी स्त्रीले परमेश्वरबारे कस्तो धारणा राखेकी थिइन् होला ?
   - यसरी लामो समयदेखि बिमारी भएको हुनाले, परमेश्वरसँगको तिनको सम्बन्धमा सम्भाव्य रूपले कस्तो परिवर्तन ल्याएको थियो होला ?

३. पद २६ मा यसरी भनिएको छ कि कुनै समय यस स्त्रीसँग सम्पत्ति रहेको थियो । उनले ती सम्पत्तिहरू कहाँबाट प्राप्त गरेकी थिइन् र त्यसको सम्भाव्य प्रयोग के हुन्थ्यो होला ? सोच्नुहोस् ।

४. ती दिनहरूमा स्त्री रोगका चिकित्सकहरू त्यति निपुण हुँदैनन् थिए । किन यस स्त्रीको लागि निको हुनु अति नै महत्वपूर्ण भयो र यसरी आफ्ना सबै सम्पत्तिहरूलाई उनले त्यसरी चिकित्सकहरू त्यति राम्रो नभए तापनि तिनीहरूमा खर्च गरिन् ?

- ➢ तिनको जीवनको त्यस चरणमा उनले त्यतिबेलाको सबै चिकित्सकहरू तथा धामीझाँक्रीहरूबारे कस्तो महसुस गरिन् होला (२६) ?
- ➢ येशू तथा त्यस्ता चिकित्सकहरूबीच के भिन्नता थियो ?

५. यसरी अन्य चिकित्सकहरू तथा धामीझाँक्रीहरूबाट दिक्क भएकी स्त्रीले कसरी येशूको वस्त्रलाई समेत छोएमा पनि निको हुने निश्चयता दिलायो (२८) ?

- ➢ येशूले तपाईंको सबैभन्दा नराम्रो समस्यालाई पनि समाधान गर्न सक्नुहुन्छ भन्ने कुरामा के तपाईं निश्चित हुनुहुन्छ ?

६. अन्य मानिसहरूले झैं यस स्त्रीले किन येशूसँग मद्दत मागिनन् ?

- ➢ किन यस स्त्रीले छुवाइलाई निको हुने आधारको रूपमा लिइन् ?

७. येशूको वस्त्रलाई कसैले पछाडितिरबाट मन्द प्रकारले छुँदा पनि येशूले कसरी थाहा पाउनुभयो ?

- ➢ किन येशूले तिनीसँग कुनै कुराकानी नै नगरी त्यसलाई घरमा जान दिनुभयो ?

८. पद ३० मा भएको येशूको प्रश्नलाई स्त्रीले सुनिन् तब तिनले कस्तो महसुस गरिन् होला ?

- ➢ जब येशूले पछाडि फर्केर तिनलाई हेर्नुभयो, तब उक्त स्त्रीले उहाँको आँखाहरू तथा अनुहारमा के देखिन् (३२) ?

९. येशूसँग उक्त स्त्रीले एउटै पनि शब्द बोल्ने आँट गरेकी थिइनन्, तरैपनि तिनले सम्पूर्ण कुरा उहाँको अघि व्यक्त गर्न पुगिन् । तिनले के भनिन् (३३) ?

- ➢ के तपाईंले येशूसँग त्यसरी आफ्नो जीवनको सबै कुरा भन्नुभएको छ ? यदि छैन भने, किन भन्नुभएको छैन ?

१०. पद ३४ लाई दुईओटा तरिकाले अनुवाद गर्न सकिन्छः तपाईंको विश्वासले तपाईंलाई चतपाईंको विश्वासले तपाईंलाई चङ्गाई गऱ्यो वा तपाईंको विश्वासले तपाईंलाई बचायो । किन येशूले यी निश्चित कुराहरू त्यस स्त्रीलाई भन्नुभयो ?

- ➢ किन येशूले यस स्त्रीलाई छोरी भन्नुभयो, यद्यपि येशू तथा त्यस स्त्री झण्डै नै उही उमेरका थिए ?

**खुशीको सन्देशः** क्रूसिकरण तथा कोर्रा खाएर येशू आफै पनि विधिवत् रूपले अशुद्ध हुनुभयो । उहाँलाई छुने प्रत्येक व्यक्ति नै अशुद्ध भए । यो स्त्री तथा तपाईंलाई बचाउनको निम्ति येशूले यही नै मूल्य चुकाउनु परेको थियो ।

## ८. थालमा टाउको ६:१६-२९

**पृष्टभूमिः हेरोद** वास्तवमा राजा थिएनन् तर रोमी सरकारको अनुमतिद्वारा प्यालेष्टाइनभरि शासन गर्ने अधिकार पाएका राज्यपाल मात्र थिए । जब यहूदी इतिहासकार **योसेफसले** हेरोदको विवाहबारे लेख्छन्, उनले पनि बाइबलमा उल्लेखभएअनुसारकै यथार्थहरूबारेमा बताउँछन् । हेरोदको एउटा छोरीको नाउँलाई उनले पनि **सलोमी** भनी बताएका छन् । आफू पक्राउ परेको बेलामा **बप्तिस्मा दिने यूहन्नाको उमेर झण्डै ३० वर्षको** भएको थियो ।

१. किन हेरोदले आफ्नो भाइको पत्नीलाई आफ्नो बनाउन चाहे (१७-१८) ? विभिन्न कारणहरूबारे सोच्नुहोस् ।
   - अनि किन तिनले पनि आफ्नो पतिलाई छोडेर आफ्नो जेठाजुसँग विवाह गर्न चाहिन् होला ? विभिन्न सम्भाव्य कारणहरूबारे सोच्नुहोस् ।

२. हेरोदको निजी जीवनमा हस्तक्षेप गर्ने प्रयास गर्नु भनेको निश्चय नै खतरापूर्ण हुन्छ भन्ने थाहा पाए तापनि किन बप्तिस्मा दिने यूहन्नाले उनको निजी जीवनलाई हस्तक्षेप गर्न चाहे ?
   - यदि तपाईंको निजी जीवनको पापलाई थाहा पाएर कुनै व्यक्तिले तपाईंलाई हप्काउँछ भने, तपाईंले कसरी प्रतिक्रिया देखाउनुहुन्छ होला ?
   - उनको पतिले भन्दा पनि बढी हेरोदियासले किन यूहन्नालाई त्यति घृणा गरिन् होला (१९-२०) ?

३. जेलभित्र बाँधिएर रहेको समयमा तपाईंको विचारमा यूहन्नाले के कुरा सोचिरहेका थिए होलान ? (के उनले हेरोदलाई आलोचना गरेकोमा यूहन्ना कहिल्यै दुखित भएका थिए होलान ?)

४. यूहन्ना मात्र बन्दी बनाइएका भए तापनि, किन हेरोद उनीसँग डराएका थिए (२०) ?
   - यूहन्ना हेरोदको जेलमा परेको भए तापनि तिनी किन हेरोदसँग डराएनन् ?
   - यूहन्नाको सन्देशमा भएको कुन कुराले हेरोदको रूचीलाई जगायो ?

५. हेरोदियासको छोरी किशोरवास्थामा थिइन् । तपाईंको विचारमा यदि बेलासम्म उनले कस्तो किसिमको जीवनलाई जिइरहेकी थिइन् होला ?
   - आमा र छोरीबीचको सम्बन्धबारे कथाले कस्तो किसिमको प्रभावलाई दिन्छ (२१-२८) ?
   - उनको उमेरका अधिकाँश केटीहरूले चाहने राम्रो लुगाहरू वा डुङ्गा वा घोडा रूपी उपहारलाई तिनले किन चाहिँनन् ?

६. किन हेरोदियास तथा तिनको छोरीले यूहन्नालाई मार्ने आदेशमा मात्र सन्तुष्ट नभई तिनको टाउको मागे ? अनि किन त्यो थालमा चाहे र झोला वा बाकसमा चाहेनन् ?

- यो खण्डमा तपाईंले कतिओटा हत्यालाई पाउनुहुन्छ ?
- यो घटनाले उक्त केटीको भविष्यलाई कस्तो असर गऱ्यो होला ?

७. हेरोदबारे पद २६ले के प्रकट गर्दछ ?

- हेरोदले गरेका अन्य हिँसात्मक कार्यभन्दा यूहन्नाको हत्याले किन त्यति ठूलो प्रभाव पाऱ्यो होला (१६) ?

८. तपाईंको विचारमा, यूहन्नाले उनको अन्तिम समयमा कस्तो महसुस गरे होलान ?

- मसीहको अग्रदूतले किन त्यसरी दुभार्ग्यपूर्ण प्रकारले मर्नु पऱ्यो ?

९. आफ्नो गुरुको त्यसरी अन्त्य भएको देख्दा यूहन्नाका चेलाहरूले के सोचे होलान (२९) ?

- के तपाईंलाई यूहन्नाको जीवन अति नै छिट्टै समाप्त भएको जस्तो लाग्छ ? कारण दिनुहोस् ।
- यूहन्नाको जीवनलाई हेरोद तथा हेरोदियाससँग तुलना गर्नुहोस् ।
- यूहन्ना तथा येशूको जीवन र मरणबारे कस्ता कुराहरू मिल्दोजुल्दो/फरक छन् ?

१०. आजको समय तथा तपाईंको व्यक्तिगत जीवनको लागि यो पाठबाट तपाईंले सिक्न सक्ने प्रमुख कुरा के होला ?

## ९. २५००० रोटीहरू तथा १०००० माछाहरू

**पृष्टभूमिः** यो अच्चमको काम कहाँ भएको थियो भन्ने कुरालाई अगुवाले नक्सामा देखाउनुपर्ने हुन्छ । तालको नजीक रहेको बेत्सेदालाई देखाउनुपर्दछ (४५) । यो स्थानबाट गालीलको प्रमुख सहरसम्म पुग्नको निम्ति कति किलोमिटरको यात्रा गर्नुपर्दथ्यो भन्ने कुरा पनि अगुवाले देखाउनुपर्ने हुन्छ । येशू तथा उहाँका चेलाहरू यहाँ आइपुग्नुको प्रमुख उद्देश्य भनेको **विश्राम लिनको** निम्ति थियो भन्ने कुरा पनि स्मरण रहोस् (३१-३२) ।

१. यदि कुनै व्यक्ति अति नै व्यस्त हुन्छ र उसले खाने समय समेत पाउँदैन भने, त्यसले उक्त व्यक्तिलाई सामान्यतया कसरी असर गर्दछ (३) ?

- जब भीडहरूले उनीहरूलाई अघिबाटै किनारामा प्रतिक्षा गरिरहेको चेलाहरूले भेट्टयाए, तब उनीहरूले कस्तो महसुस गरे होलान (३२-३३) ?
- जब विश्रामको समयमा पनि मानिसहरूलाई देख्दा किन येशूले दिक्क मान्नु भएन (३४) ?

२. जब येशूले आफ्नो शिक्षालाई पूरा गरिसक्नुभएको थियो, त्यतिबेला झण्डै नै बेलुकी भइसकेको थियो । त्यसरी समय बितेकोमा चेलाहरूले कस्तो महसुस गरे होलान ?

- त्यस ठाउँदेखि गालीलको प्रमुख सहरसम्म पैदल यात्रा गर्नको निम्ति कति समय लाग्ने थियो होला ? स्मरणरहोस् कि त्यहाँ बृद्ध मानिसहरू लगायत बच्चाहरू पनि थिए ।

३. एउटा व्यक्तिको भोजनको निम्ति पाँचओटा रोटी र दुईओटा माछा लाग्ने थियो । त्यति भोजनको निम्ति हाम्रो समयमा कति पैसा लाग्नेछ होला ?

- २५००० रोटीहरू तथा १०००० माछाहरू (३६) को निम्ति चेलाहरूले कतिओटा गाउँहरूमा जानु आवश्यक पर्दथ्यो होला ?

४. यदि आजको समयमा ५,००० मानिसहरूलाई त्यसरी भोजन खुवाउने हो भने कति पैसा पर्ने थियो होला ?

- त्यतिबेलाको समयमा २०० दिनारी भनेको एउटा मान्छेको २/३ भाग वार्षिक आय हुने गर्दथ्यो । किन चेलाहरूले त्यो रकमलाई उल्लेख गरे (३७) ?

५. किन येशूले आफ्ना चेलाहरूलाई यसरी भन्नुभयो: तिमीहरू आफैले नै उनीहरूलाई खानाको निम्ति केही देओ (३७) ?

- येशूको अनुरोधप्रति चेलाहरूले कस्तो उत्तर दिनुपर्दथ्यो ?

६. येशूको आज्ञाअनुसार कदम चाल्नको निम्ति चेलाहरूले कहाँबाट सहास पाए (३९) ?

- जब मानिसहरू उक्त चउरमा बसिरहेका थिए, तब उनीहरूलाई खुवाइने थियो होला भनी के तिनीहरूले विश्वास गरेका थिए ? यदि उनीहरूले विश्वास गरेका भए, उनीहरूका भोजन कहाँबाट आउने थियो होला भनी उनीहरूले ठाने होलान (४०) ?

७. ढुङ्गाहरूलाई रोटीहरू बनिऊन भनी भन्नुको सट्टामा किन येशूले उपलब्ध रोटीहरूलाई ५००० ओटा बनाउनुभयो (४१-४२) ?

- येशूले गर्नुभएको अच्चमको कार्य तथा जादूगरनीको अच्चमको कामबीच के भिन्नता रहेको छ ?

८. यस संसारको भोकाहरूलाई आजको हाम्रो समयको इसाईहरूले किन खुवाउन चाहँदैनन् होला ? विभिन्न कारणहरूबारे सोच्नुहोस् । (हाम्रो समयको इसाईहरू कुन कुरामा व्यस्त रहन्छन् ?)

- तपाईंले आज जस्ता भोकाहरूलाई खुवाएको येशूले चाहनुहुन्छ, ती कहाँ छन् ?

९. तपाईंले दिनुभएको सानो भेटीलाई पनि येशूले ५,००० गुणा बनाउन सक्नुहुन्छ भन्ने के तपाईंले विश्वास गर्न सक्नुहुन्छ ?

- विश्वास र यथार्थमा के भिन्नता रहेको छ ?

**खुशीको सन्देश:** यो अच्चमको काम प्रदर्शन गरिसकेपछि येशूले भन्नुभयो: म स्वर्गबाट तल आएको जीवित रोटी हुँ । यदि कसैले यो रोटी खायो भने, ऊ सधैँको लागि बाँच्नेछ । यो रोटी भनेको मेरो शरीर हो र यसलाई म संसारको निम्ति दिन्छु (यूहन्ना ६:५१) । क्रूसमा आफै मरेर येशू हाम्रो प्रभुभोजको रोटी हुनुभयो र हाम्रो निम्ति अनन्तको रोटी बन्नुभयो ।

## १०. एप्फाथा– खोलियोस् ७:३१-३७

**पृष्टभूमि:** यो खण्डमा भएको मान्छे बाल्यवस्थादेखि नै बहिरो तथा बोल्न नसक्ने थियो किनकि उसले सानो बेलादेखि नै बोल्न सिकेको थिएन । परिणामस्वरूप उसले अरू मानिसहरूसँग कुराकानी गर्न सक्दैन थियो । (त्यतिबेला अहिलेको जस्तो साङ्केतिक भाषाको विकास भइसकेको थिएन) । मसीहले बहिरो र गूँगो मानिसहरूलाई सुन्ने र बोल्ने (३७) बनाउनुहुनेछ भन्ने अगमवाणीलाई यशैयाले ७०० वर्षअघि नै अगमवाणी गरेका थिए (यशैया ३५:५) ।

१. दिनहुँ तपाईंले सुन्ने आवाजहरू तथा बोलीचालीहरूबारे एकैछिन् सोच्नुहोस् । यदि तपाईंले कुनै पनि कुरा सुन्न सक्नुहुन्न थियो भने, तपाईंको निम्ति सबैभन्दा कठिन कुरो के हुने थियो होला ? सोच्नुहोस् ।

२.यो मान्छेको बाल्यवस्था कस्तो थियो होला ? कल्पना गर्नुहोस् । उसलाई सिकाउनको निम्ति, खतराबाट जोगाउनको निम्ति तथा अन्य कुराहरू गराउनको निम्ति, उसका अभिभावकहरूले कस्तो माध्यमलाई अप्नाएका थिए होलान ? उसका साथीहरूसँग उसको सम्बन्ध कस्तो थियो होला ? तपाईंको विचारमा उसले आफैलाई (स्वःतस्विर) कस्तो ठान्दथ्यो होला ?

३. यसरी बहिरो व्यक्ति आफ्ना साथीहरूसँग बयस्क उमेरसम्म हुर्किंदा उसको दैनिक जीवन तुलनात्मक हिसाबले कस्तो हुन्थ्यो होला ?

- सायद यो व्यक्ति पनि केही पटक सभाघर तथा मन्दिरमा गएको हुनुपर्दछ । नदेखिने परमेश्वरबारे उसले तपाईंको विचारमा कतिको बुझेको थियो होला ?

४. यस मान्छेलाई येशूसमक्ष ल्याउने मानिसहरूका आशय के थिए ? विभिन्न सम्भावनाहरूबारे सोच्नुहोस् (३२) ।

- यदि तपाईंले बहिरो मान्छेलाई येशूसमक्ष ल्याउनमा मद्दत गर्नुभएको छ भने, उसलाई किन र कहाँ लैजाँदै हुनुहुन्थ्यो भनी उसलाई कसरी तपाईंले बताउनुहुने थियो होला ? वर्णन गर्नुहोस् ।
- भीडमा जानको निम्ति यस मान्छेको निम्ति किन अति नै कठिन भएको थियो ?

५. उसका साथीहरूले चाहेअनुसार त्यस मान्छेलाई किन येशूले निको पार्नुभएन (३२,३४) ?
   - किन उक्त मान्छेले कुनै आपत्ति जनाएन, बरु त्यसको सट्टामा अपरिचित रब्बीसँग नै ऊ गयो ( ३३) ?

६. येशूले प्रयोग गर्नुभएको आफ्नै किसिमको चार साङ्केतिक भाषा (पद ३३-३४) लाई उक्त व्यक्तिले कतिको हदसम्म बुझेको थियो होला ? सोच्नुहोस् । (उसलाई चङ्गाई गर्नुभन्दा पहिले स्वर्गतिर हेरेर येशूले यस मान्छेलाई के बताउन चाहनुभएको थियो ? उसले लामो सास किन तान्यो ?)

७. किन मर्कूसले येशूको चङ्गाईको शब्दलाई आफ्नो सुसमाचारमा सुरुआती भाषा अर्थात् अरामी भाषामा नै अभिलेखमा राखे (३४) ?
   - यस मान्छेलाई येशूले भन्नुभएको जस्तै नै शब्दलाई आज उहाँले तपाईंको अघि उभिएर तपाईंलाई पनि भनिरहनुभएको छ । एप्फाथा ! खोलियोस् ! यस शब्दद्वारा उहाँले के बुझाउन
   - खोज्नुभएको छ ? अन्य मानिसहरूसँग तपाईंले गर्ने संचारबारे सोच्नुहोस् । (तपाईंले मौन प्रकारले आफ्नो हृदयमा उत्तर दिन सक्नुहुन्छ) ।

८. सामान्यतया एउटा बच्चालाई कुनै भाषाको महत्वपूर्ण शब्द सिक्नको निम्ति तीन वर्षको समय लाग्छ । यो मान्छेले आँखाको निमेषमा नै यी सबै जानकारीहरूलाई कसरी पाउन सम्भव भयो होला ?

९. येशूको प्रत्येक अच्चमको कामले स्वर्गबारे कुनै न कुनै कुरा बताएको छ । यो घटनाबाट हामीले के सिक्न सक्छौं ?

१०.येशूले यस अच्चमको कामबारे कसैलाई नबताउनु भनेर भने तापनि किन मानिसहरूले यसबारे बताइरहे (३६) ?
   - के आजको हाम्रो समयमा इसाई मण्डलीले जसरी अच्चमको कामहरूबारे विभिन्न संचारका माध्यमहरूद्वारा विज्ञापन दिन्छन्, सो कुरा फाइदाजनक छ ? आफ्नो विचार व्यक्त गर्नुहोस् ।
   - मानिसहरूले येशूको कुनचाहिँ कुरालाई बताएको उहाँले चाहनुहुन्छ होला ?

**खुशीको सन्देशः** येशू क्रूसमा चढ्नु हुँदा पिता र उहाँबीचको गहन संचार तोडिएको थियो । परमेश्वर र पापी मानिसहरूबीचको संचारलाई स्थापित गर्न येशूले यही नै मूल्य चुकाउनु परेको थियो ।

## **११. आफ्नै इच्छा नभएको अन्धो मान्छे ८:२२-२६**

**पृष्टभूमिः यो मान्छेले पहिले देख्दथ्यो** भन्ने कुरालाई हामी सुसमाचारबाट पाउँदछौं किनकि येशूले जन्मँदादेखिकै अन्धो एउटै मात्र व्यक्तिलाई चङ्गाई गर्नुभएको थियो (यूहन्ना ९:३२) । येशूले कुनै व्यक्तिलाई विभिन्न चरणमा चङ्गाई गर्नुभएको एउटै मात्र व्यक्तिको बारेमा यस खण्डले बताउँदछ । यो घटनाको ठीक अघि येशूले आफ्ना चेलाहरूसँग आत्मिक अन्धोपनाको बारेमा छलफल गर्नुभएको थियो ( १८) । अनि यो अच्चमको काम गरिएको स्थान; बेथसेदाको आत्मिक अविश्वासबारे एक पटक येशूले उजुरी गर्नुभएको थियो (मत्ती ११:२१) ।

१. किन अन्धो व्यक्तिले येशूबाट कुनै कुरा मागेन ?
- यतिबेलासम्म यो मान्छेको जीवन कस्तो थियो होला, कल्पना गर्नुहोस् ।
- कुन कुराले यो मान्छेलाई यति असक्रिय बनाएको थियो ? विभिन्न कारणहरू दिनुहोस् ।

२. यस अन्धो व्यक्तिका साथीहरूले येशूद्वारा उनीहरूका साथीलाई के गरेको चाहे (२२) ?
- यी साथीहरूका अनुरोधप्रति येशूले कसरी उत्तर दिनुभयो ?
- तपाईं अन्धो मान्छेजस्तो हुनुहुन्छ कि येशूकहाँ त्यस मान्छेलाई ल्याउने उनका साथीहरूजस्तो ?

३. किन येशूले उक्त मान्छेलाई बेथसेदामा चङ्गाई गर्न चाहनुभएन तर उक्त गाउँभन्दा बाहिर चङ्गाई गर्न चाहनुभयो ?
- कल्पना गर्नुहोस् कि अपरिचित व्यक्ति जसलाई तपाईंले देखिरहनुभएको छैन र उसले तपाईंको हात समात्दछ । तपाईंले कसरी प्रतिक्रिया देखाउनुहुन्छ ?
- (येशूले जसरी उक्त अन्धो मान्छेको हात समातेर गाउँबाट बाहिर लिएर जाँदै हुनुहुन्थ्यो, त्यसबेला उक्त मान्छले कुनै आपत्ति जनाएका थिएनन् । उनको त्यस्तो स्वभावले त्यस मान्छेको बारेमा के कुरा प्रकट गर्दछ ?)

४. यो अन्धो मान्छेको लागि येशूले कुन चारओटा कुराहरू गर्नुभयो ?
- यो मान्छेलाई चङ्गाई गर्न किन येशूले त्यतिधेरै कार्य गर्नुभयो ? (यसरी विस्तारै चङ्गाई गर्ने क्रममा त्यस व्यक्तिले येशूसँग कुराकानी गर्न पाएको थियो । यो सबै प्रक्रियाले उसलाई कुन कुरा बुझ्नमा सहायता पुग्यो ?)

५. भीडबाट अलग हुनको निम्ति येशूले यस मान्छेलाई गाउँबाट बाहिर निकाल्नुभयो । के त्यतिबेला उसको अघि अझै पनि मानिसहरू थिए वा तिनीहरूलाई उसले देख्यो भनी ठानेको कुरा उसको भ्रम मात्र थियो (२४) ?

- येशूले आफ्ना दुवै हातहरूलाई उक्त मान्छेको शिरमाथि राखेर उनले केही देखेँ कि भनेर सोध्नुभएको भए कस्तो हुन्थ्यो होला ? कल्पना गर्नुहोस् । यो प्रश्नको सही जवाफ के हुने थियो होला ?
- चङ्गाईको दोस्रो चरणमा किन येशूले यो प्रश्नलाई दोहोऱ्याउनुभएन (२५) ?

६. त्यस मान्छेको साथीहरूले सायद उसलाई गाउँमा पर्खिरहेका थिए होलान । उसले चङ्गाई पाइसकेपछि फर्केर त्यही गाउँमा ऊ गएको किन येशूले चाहनुभएन ? (यदि ऊ त्यस गाउँमा फर्केर गएको भए, के हुने थियो होला ?)

- उसको आँखाहरूको साथसाथ, यो मान्छेको जीवनमा अन्य कुन कुराहरूमा पनि उसले चङ्गाई पाएको थियो ?
- यो मान्छेको लागि येशूको अन्तिम लक्ष्य के रहेको थियो ?

७. हाम्रो हृदयको आँखाहरूले येशूलाई देख्न सकेको छ कि छैन भनी यो खण्डले हामीलाई पनि सोध्दछ (१८) ? येशू यहाँ उभिनुभएको छ र तपाईंलाई यसरी सोध्दै हुनुहुन्छः के तिमीले कुनै कुरा देखिरहेका छौं ?

- तपाईंलाई उहाँलाई देख्न सक्नुभएको होस् भनी येशूले कसरी तपाईंको हृदयका आँखाहरूलाई खोल्ने प्रयास गरिरहनुभएको छ ?

८. स्वर्गबारे यो अच्चमको कामले हामीलाई के सिकाउँदछ ?

**खुशीको सन्देशः** अन्धोको आँखा खोलिदिनु भनेको प्रभु स्वयम् नै आइपुग्नुभयो र मानिसहरूले उहाँलाई प्रत्यक्षसँग अनुहारमा हेर्न सक्नेछन् भन्ने एउटा चिन्ह थियो (यशैया ३५:४-५) । तरैपनि, धेरै मानिसहरूले उहाँलाई परमेश्वरको रूपमा देख्न सकेनन् र उहाँ तिनीहरूका आँखाबाट लुक्नुभएको थियो येशू जस्तो हुनुहुन्थ्यो, त्यस्तै नै प्रकारले उहाँका चेलाहरूले समेत उहाँलाई देख्न सकेनन् (१८) । येशूजस्तो हुनुहुन्छ त्यसरी नै मानिसहरूले उहाँलाई नदेखेसम्म येशूले हरेस खानुहुन्न भन्ने कुरा यो घटनाले देखाउँछ (१ यूहन्ना ३:२) ।

## १२. जीवनलाई बचाउनु तथा त्यसलाई गुमाउनु ८:३४-३८

**पृष्टभूमिः येशूले पहिलो पटक यहाँ क्रूस भन्ने शब्दलाई समावेश गर्नुहुन्छ ।** उहाँको वचनले उहाँका अनुयायीहरूलाई निश्चय नै झस्काएको थियो होला किनकि क्रूसिकरण भनेको त्यतिबेलाको समयमा कल्पना गर्न नसकिने अति नै दयनीय तथा लाजमर्दो कुरो हुन्थ्यो । यसको एउटा बदनामी पूर्ण पक्ष भनेको त्यो हुन्थ्यो कि दोषी व्यक्तिले त्यसलाई क्रूसिकरणको स्थानसम्म बोकेर लैजाउनुपर्ने हुन्थ्यो र

बाटोभरि मानिसहरूका गिल्ला तथा खिसी गर्ने कुरालाई उसले सहनुपर्ने हुन्थ्यो । (**जीवन तथा प्राण** भन्ने उही ग्रीक शब्दबाट आएका छन् भन्ने कुरालाई टिपोट गर्नुहोला) ।

**१. पद ३४-३८**

- हाम्रो समयमा कस्तो किसिमको जीवनलाई जिउन योग्यको छ भनी मान्यता दिइन्छ ? (अर्को शब्दमा भन्नुपर्दा, हाम्रा समकालिनहरूका शब्दावालीमा जीवन बचाउनु र त्यसलाई गुमाउनु भन्नाले के बुझिन्छ ?)
- येशूले यी शब्दहरू कसलाई सम्बोधन गर्नुभयो ?
- यी शब्दहरू सुन्नुभन्दा पहिले, येशूलाई पछ्याउने सम्बन्धमा मानिसहरूले कस्तो कुरा सोचेका थिए ? त्यसपछि के सोचे होलान ?
- तपाईंको विचारमा, यी शर्तहरूमा येशूलाई पछ्याउन कस्ता मानिसहरू इच्छुक हुन्छन् होला ?
- यदि येशूले थुप्रै अनुयायीहरू बनाउन चाहनुभएको भए, किन उहाँले यस प्रकारले बोल्नुभयो होला ?

**२. पद ३४– आफैलाई इन्कार गर्नु**

- चेलाहरूका जीवनमा आफैलाई इन्कार गर्नु भन्नाले के बुझाउँथ्यो ?
- तपाईंको आजको परिस्थितिमा, येशूलाई पछ्याउनको निम्ति आफैलाई इन्कार गर्नु भन्नाले के बुझ्नुहुन्छ ? (बौद्धधर्मालम्बीको प्रसङ्गमा मात्र यो सोध्नुहोला: आफैलाई इन्कार गर्नु भन्ने सन्दर्भमा बौद्धधर्म तथा इसाईत्वबीच के भिन्नता रहेको छ ?)

**३. पद ३४– आफ्नो क्रूसलाई उठाउनु**

- तपाईंको विचारमा येशूले क्रूसको बारेमा बताउनुहुँदा के त्यसले कुनै पनि किसिमको सङ्कष्टलाई बुझाएको थियो वा केवल इसाई विश्वासको परिणामस्वरूप निक्लिने सतावटको बारेमा मात्र ?
- क्रूसबिना तपाईंको जीवन कस्तो हुने थियो होला ?
- यदि सतावटमा परेको व्यक्तिले शैतानबाट, अन्य मानिसहरूबाट वा अन्धो भाग्यबाट नभई येशूबाट आफ्नो क्रूसलाई लिएको छ भने, त्यसले कस्तो भिन्नता पार्दछ होला ?

**४. पद ३५– जीवनलाई बचाउनु तथा गुमाउनु**

- मानिसहरूले आफ्ना क्रूसबाट आफैलाई बञ्चित गराउन प्रयास गर्ने विभिन्न मार्गहरू के के होलान ?
- खुशीलाई आफ्नो प्रमुख लक्ष्य बनाउने एउटा व्यक्ति किन खुशी हुनमा असक्षम हुन्छ ?
- येशूको एउटा चेलाले आफ्नो क्रूसलाई बोकेर हिँड्ने सामर्थ्य कहाँ पाउँदछ होला ?

**५. पद ३६-३७ आफ्नो प्राणलाई गुमाएर जीवन प्राप्त गर्नु**

- कस्तो किसिमको कुराको लागि एउटा व्यक्तिले आफ्नो जीवनलाई गुमाउन चाहन्छ ?
- मानिसहरूका आत्मालाई नष्ट हुनबाट बचाउनको निम्ति येशूले बदलामा के दिनुभयो ?

**६. पद ३८ येशू तथा उहाँको वचनसँग शर्माउनु**

- तपाईंको अइसाई साथीहरूले सुनिरहेका बेलामा बाइबलको कुन सत्यताहरूलाई सुनाउन तपाईंलाई अति नै कठिन भएको थियो ?
- यस व्यभिचारी तथा पापी पुस्ताहरूमा परमेश्वरको वचनको निम्ति सङ्घर्ष गर्न सहास नगर्ने इसाईसँग किन येशू आफै पनि शर्माउनुहुनेछ होला ?
- येशू शर्माउनु हुने व्यक्तिलाई के हुन्छ ?

**७. खुशीको सन्देशको प्रश्नहरू:**

- आफू हिँड्नुभन्दा अघि येशूस्वयम् नै आफ्नो क्रूसलाई बोकेर हिँड्नुभएको क्रूसलाई बोकेर हिँड्ने इसाई भन्नाले के बुझिन्छ ?
- यस घटनाको लगत्तैपछि येशूले आफ्नो जीवन/प्राणलाई गुमाउनु परेको थियो । किन ?

## १३. मनतातो विश्वासी ९:१४-२९

**पृष्टभूमिः** दुष्टात्मा **लागेको** व्यक्तिलाई प्रायः त्यस्ता आत्माले सताइएको व्यक्ति भनेर भनिन्छ । यो कुनै किसिमको मानसिक रोग वा छारे रोगभन्दा फरक कुरो हो । येशूमा विश्वास राखेर बप्तिस्मा लिने व्यक्तिलाई कहिल्यै पनि यस्तो आत्माहरूले सताउन सक्दैन किनकि उसको हृदयमा पवित्र आत्मा अघिबाटै रहिरहनुभएको हुन्छ । लूकाका अनुसार, यो खण्डमा भएको उक्त ठीटो भनेको उसका अभिभावकहरूको **एक मात्र सन्तान** थिए (लूका ९:३८) ।

१. आफ्नो छोरालाई यसरी दुष्टात्माले सताइएको हुनाले उसको पिताको दैनिक जीवन कस्तो भएको थियो होला (१७-१८, २०-२२) ? कल्पना गर्नुहोस् । (अभिभावक, छिमेकीहरू, परमेश्वरसँग उसको सम्बन्ध कस्तो थियो होला ? कल्पना गर्नुहोस् । भविष्यबारेको चिन्तन; ठीटोलाई उपचार गर्ने प्रयत्न गर्नु इत्यादि)

- आफ्ना साथीहरूका तुलनामा यस ठीटोको जीवन कस्तो थियो होला ? तुलना गर्नुहोस् ।

२. पद १४-१८ मा वर्णन गरिएअनुसार, त्यस्तो परिस्थितिमा उक्त ठीटोको पिताको निम्ति सबैभन्दा कठिन कुरा के भएको थियो होला ?

३. अविश्वासी पुस्ता भनेर येशूले बताउने क्रममा उहाँले कसलाई सङ्केत गर्नुभएको थियो र किन तिनीहरूसँग कारोबार गर्न उहाँलाई अति नै कठिन भएको थियो (१९) ?

➢ किन येशूलाई विश्वास नगर्नेहरूसँग रहन अति नै कठिन भयो र विशेष गरी त्यो परिस्थितिमा ?

४. मद्दतको निम्ति भावुक हुने क्रममा किन पिताले आफैलाई समावेश गरे ? जस्तैः हामीमाथि दया देखाउनुहोस् र मद्दत गर्नुहोस् ?

५. पद २३ मा येशूले पिताबाट विश्वासमा स्थिर हुने कुरा माग गरिएको जस्तै देखिन्छ । किन उहाँले त्यो माग गर्नुभयो ?

➢ तपाईं आफू अघिबाटै बेचैनी भएको बेलामा यदि कसैले सिद्ध विश्वासको माग गऱ्यो भने, तपाईंले कस्तो महसुस गर्नुहुन्छ होला ?

६. पद २४ मा भएको शब्दहरूलाई क्रन्दनको साथ निकाल्ने क्रममा, यस पिताको विश्वास/शंका के कस्ता थिए ?

➢ तपाईंको आफ्नो अति नै प्रियजनको समस्याको निम्ति ख्रीष्टबाट मद्दत माग्ने क्रममा, तपाईंका विश्वास/शंका के कस्ता थिए ?

७. मद्दतको निम्ति पिताको यस किसिमको अनुरोधले, उनीसँग अघिबाटै बचाइने विश्वास भइसकेको वा नभएको के प्रमाणित गर्दथ्यो ? कारणहरू दिनुहोस् ।

➢ तपाईंको विचारमा पिता येशूमा कहिले विश्वासी भएका थिए होलान ? विभिन्न सम्भाव्यताहरूलाई छलफल गर्नुहोस् ।

८. पिता तथा पुत्र दुवैको स्थिर विश्वास नभएको भए तापनि, किन येशूले यस परिवारलाई मद्दत गर्नुभयो ?

➢ कसको विश्वासले यो अच्चमको कामलाई देख्न सकियो ?

➢ तपाईंको प्रियजनहरू सताइएको अवस्थामा येशूद्वारा मद्दत प्राप्त गर्नको निम्ति, तपाईंलाई कतिको विश्वासको आवश्यकता पर्दछ होला ?

९. जब आफ्नो छोरा अचेतन भएर भूईंमा लोट्यो, तब ऊ मरिसकेको थियो होला भनी पिताले सोचेको हुन सक्छ (२६) । येशूले मद्दत गर्नुभन्दा अघि किन उसले त्यस्तो अत्याधिक कठोर पीडालाई सहनुपऱ्यो होला ? (यदि येशूले तुरुन्तै मद्दत गर्नुभएको भए, उक्त पिताले के कुरालाई बुझ्न असफल हुने थिए होला ?)

- ➢ येशूले कुनै कुरालाई हस्तक्षेप गर्नुभन्दा पहिले किन कठोर परिस्थिति भएर जाने अनुमति दिनुहुन्छ होला ? (यदि उहाँले तपाईंलाई तुरुन्तै मद्दत गर्नुभएको भए, तपाईंले कुन कुरा सिक्न असफल हुनुहुने थियो होला ?

१०. येशूले उसलाई हात समातेर उठाउनुभयो र आफ्नो खुट्टामा खडा गराउनुभयो । यो वाक्यमा तपाईंले त्यस व्यक्तिको नाउँ राख्नुहोस् जसबारे तपाईं चिन्तित हुनुहुन्छ । जब तपाईंले त्यसो गर्नुहुन्छ, तब पद २७ ले तपाईंलाई के भनेको जस्तो लाग्छ होला ?

**खुशीको सन्देशः** दुष्ट मानिसहरू तथा दुष्टात्माहरूले येशूलाई सताए तापनि, उहाँले आफ्नो स्वर्गीय पिताको शक्ति र सामर्थ्य तथा प्रेमप्रति स्थिर प्रकारले विश्वास गर्नुभयो । हाम्रा शंकाको बावजुत पनि उहाँको सिद्ध विश्वासको कारण हामीले पनि हाम्रो आफ्नै तथा हाम्रा प्रियजनहरूका निम्ति परमेश्वरबाट मद्दतको अपेक्षा गर्न सक्छौं ।

## १४. छल गर्नेको दुर्दशा ९:४२-५०

**पृष्टभूमिः** पद ४२ मा भएको ग्रीक शब्द *स्क्यान्डेलाज्जोले* “चोट पार्नु,” “परीक्षामा पार्नु,” “कसैलाई पतनको कारण बनाउनु,” “पाप गर्ने तुल्याउनु” भन्ने बुझाउँछ । यो खण्डमा भएको शब्दहरू आजको हाम्रो प्रसङ्गमा पनि उत्तिकै मान्यजन रहेको छ । **बाल यौनशोषण तथा बाल अश्लिल तस्विरहरूको** उत्पादकहरूबारेको समाचारलाई हामीले प्रायः सुन्ने गर्दछौं । अनि आजको हाम्रो समयमा त्यस्ता कुराहरूले असङ्ख्यीय बच्चाहरूका जीवनलाई नष्ट गरिरहेको छ । येशूले यहाँ यस्तो अत्याचारी मुद्दाहरूका बारेमा चर्चा गरिरहनुभएको छैन, तर तपाईं हामी जस्ता सामान्य मानिसहरूमा समेत असर गर्ने **गोप्य परीक्षाहरूका** बारेमा बताइरहनुभएको छ ।

१. येशूले ४२ पदमा बोल्नुभएको कुराको दण्डलाई माग गर्ने कुनै पनि कानुन आज संसारसँग छैन । सामान्य प्रकारले दिइने दण्डभन्दा येशूले माग गर्नुभएको दण्ड कुनचाहिँ अर्थमा त्यति कठोर रहेको छ ? (एउटा बच्चालाई बहकाउने व्यक्ति किन उचित दाहसंस्कारको समेत योग्य हुँदैन भनी येशूले भन्नुहुन्छ ? )

२. कसरी हातले कसैलाई पाप गर्नेतर्फ लान सक्दछ भन्ने केही उदाहरणहरूलाई समावेश गर्नुहोस् ( ४३) ।
- ➢ कसरी खुट्टाहरूले पाप गर्नेतर्फ धकेल्न सक्दछ (४५) ? आँखाहरूका बारेमा के भन्ने (४७) ?
- ➢ जब तपाईंले परीक्षालाई एक्कासी सामना गर्नुहुन्छ, के त्यसलाई तत्कालै पहिचान गर्नुहुन्छ होला ?

३. तपाईं के कुरासँग बढी डराउनुहुन्छ मरिसकेपछि नरकमा पुग्ने कुराप्रति वा आफ्ना हातहरू, खुट्टाहरू वा आँखाहरू गुमाउने कुराप्रति ?

- तपाईंको सन्तानहरू/प्रियजनहरूका जीवनमा तपाईं यी मध्ये कुन कुराप्रति बढी डराउनुहुन्छ ?

४. यहाँ येशूले गर्नुभएझैं यदि कसैले उभिएर हाम्रो मण्डलीमा प्रचार गर्दछ भने, सुन्ने मानिसहरूले के भन्ने छन् होला ?

५. यस्तो भयानक सल्लाह दिनुभएर येशूले के बताउन चाहनुभएको थियो (४३-४५) ?

- यदि कुनै भ्रष्ट व्यक्तिद्वारा तपाईंको प्रियजनलाई हातपात गरेको तपाईंले चाल पाउनुभयो भने, तपाईंको विचारमा येशूले तपाईंलाई कस्तो सल्लाह दिनुहुने थियो होला ?

६. ऊ/उनी त्यसमाथि विजय हुने चेष्टा गरे तापनि, नसकिरहेको एउटा यौनजन्य पापमा सङ्घर्ष गरिरहेका व्यक्तिलाई तपाईंले के सल्लाह दिनुहुनेछ होला ?

७. यदि इसाई मण्डलीले परीक्षाहरूबारे, डरलाग्दो पापहरू तथा नरकको बारेमा येशूले झैं प्रचार गर्न छोडेमा के हुन्छ होला ? (परमेश्वरसम्बन्धी हाम्रा धारणा कसरी परिवर्तन हुन्छन् ? मानिसहरूका बानीहरू कसरी परिवर्तन हुन्छन् होला ? येशूको क्रूससँगको उनीहरूका सम्बन्धमा त्यसले के असर गर्छ होला ?

८. वर्तमान समयका अश्लील सिनेमाहरू/तस्विरहरू बनाउने निर्माता तथा दर्शकहरूको ठूलो भूल के होला ?

- निजी तथा सार्वजनिक रूपमा कसरी हामीले अश्लील सिनेमाहरू/तस्विरहरूका विरुद्धमा लडाई लड्नुपर्दछ ?

९. यदि येशूले दिनुभएको यी आज्ञाहरूलाई हामीले पछ्याउन सकिरहेका छैनौं भनी महसुस गऱ्यौं भने, हामीले के गर्नुपर्दछ होला ?

**खुशीको सन्देश:** किन येशूको **हातहरू तथा खुट्टाहरूमा** काँटी ठोकियो र किन उहाँ भित्री तथा बाहिरी रूपले **घोर अन्धकारका** साथ मर्नु पऱ्यो भन्ने कुरा सायद तपाईंले अहिले देख्न सक्नुहुन्छ होला ।

## १५. येशू तथा बच्चाहरू १०:१३-१६

**पृष्टभूमिः** येशूको समयमा, जब केटाहरू आठ दिनका हुन्थे, तब उनीहरूलाई परमेश्वरको सन्तानका सदस्यहरूका रूपमा अप्नाइन्थ्यो । तरैपनि, समाजमा बच्चाहरूका सामान्य ओहदा भनेको तल्लो स्तरको नै हुने गर्दथ्यो । यो खण्डमा बच्चाको लागि प्रयोग भएको ग्रीक शब्द पाइस्ले शिशुहरू लगायत कुनै पनि उमेरका बच्चाहरूलाई बुझाउन सक्दछ ।

१. जब तपाईंले आफ्ना वा अरूका बच्चाहरूलाई हेर्नुहुन्छ, तब परमेश्वरको राज्य भनेको त्यस्ताहरूकै हो भनी विश्वास गर्न तपाईंलाई सजिलो वा कठिन कस्तो हुन्छ ? तपाईंले आफ्ना कारण किन दिनुहुन्छ र किन दिनुहुन्न ?

२. येशूले भन्नुभएको कुरालाई नबुझ्ने शिशुहरूलाई समेत किन आमाहरूले येशूकहाँ ल्याउन चाहेका थिए होलान ? विभिन्न कारणहरू सोच्नुहोस् ।
   - यदि तपाईं आफैले नै बच्चालाई येशूकहाँ ल्याउनुहुने थियो भने, त्यो किन गर्नुहुन्थ्यो होला ?
   - हिजोआजको झैं किन अधिकाँश आमाहरूले आफ्ना बच्चाहरूलाई येशूकहाँ ल्याउँदैनन् ?

३. जब बच्चाहरूलाई येशूकहाँ ल्याइन्थ्यो, तब किन चेलाहरू खुशी हुँदैनन् थिए ?
   - केवल यतिबेला मात्र येशू रूष्ट हुनुभएको कुरा यस सुसमाचारले बताउँछ । यो परिस्थितिमा त्यस्तो कुन कुरा थियो जसले उहाँलाई त्यस्तो बनायो ?

४. हिजोआज, हाम्रा बच्चाहरूलाई येशूकहाँ ल्याउनु भनेको उनीहरूलाई बाइबलको सम्पर्कमा ल्याउनु हो । किन हिजोआज इसाई अभिभावकहरूले समेत आफ्ना बच्चाहरूलाई आफ्ना घरमा, सण्डे स्कूलमा  मण्डलीका शिविरहरू इत्यादि ठाउँमा बाइबल सुन्नलाई ल्याउँदैनन् ?
   - येशूको वचनलाई सुनाउनको निम्ति तपाईंले आफ्ना बच्चाहरू, नातिनातिनाहरू तथा अन्य बच्चाहरूलाई कसरी भेला गर्न सक्नुहुन्छ होला ? ठोस मार्गहरूबारे सोच्नुहोस् ।

५. एउटा बयस्कभन्दा एउटा बच्चा कसरी सजिलैसँग परमेश्वरको राज्यमा प्रवेश गर्न सक्छ ?

६. कसरी एउटा बच्चाले बयस्कभन्दा फरक तरिकाले उपहारलाई लिन्छ ?
   - कसरी एउटा बच्चाले सर्वश्रेष्ठ उपहार अर्थात् येशूको मित्रता र पापको क्षमादानलाई स्वीकार गर्छ ? एउटा बयस्कले चाहिँ नी ?

७. बच्चाहरू मात्र हुने एउटा राज्यको बारेमा कल्पना गर्नुहोस् । यस संसारको राज्यभन्दा त्यो कसरी फरक छ ? (त्यहाँ पाइने वास्ता तथा फिक्री तथा निभाउनुपर्ने जिम्मेवारी इत्यादि) ।

- परमेश्वरको राज्यबारे हाम्रो पाठले हामीलाई के सिकाउँछ ?

८. येशूले अन्य समयमा यसरी भन्नुभयोः तिमीहरूका धार्मिकता व्यवस्थाको गुरुहरू तथा फरिसीहरूका भन्दा बढी भएनन् भने, तिमीहरू अवश्य पनि परमेश्वरको राज्यमा प्रवेश गर्न सक्ने छैनौं (मत्ती ५:२०) । यहाँ उहाँले त्यो प्रतिज्ञा गर्दै बताउनुहुन्छ कि बच्चाहरू त्यहाँ प्रवेश गर्न सक्नेछन् । यो विपरीतार्थलाई कसरी तपाईंले वर्णन गर्नुहुन्छ ?

९. त्यस बिहान येशूले आशिष् दिनुभएको ती नानीहरू केही दसकपछि बयस्क भए । सायद कतिपय असल बने भने, कतिपय त्यति असल बनेनन् होला ? कतिपय खुशी भए भने, कतिपय खुशी भएनन् होला । तपाईंको विचारमा, उनीहरूले येशूबाट पाएका आशिष्हरूको दीर्घकालिन अर्थ रहनेछ भनी उनीहरूले सोचेका थिए होलान ? यदि सोचेका भए, ती के थिए होलान ?

- जब उनीहरूका बच्चाहरूले जीवनका धेरै सङ्घर्षहरूलाई सामना गर्नु परेको थियो, तब येशूले दिनुभएको आशिष्हरूले यी आमाहरूलाई कस्तो अर्थ दिएको थियो होला ?

**खुशीको सन्देशः** येशूले आशिष् दिनुभएको बच्चाहरूलाई उहाँले कहिल्यै पनि बिर्सनुहुन्न होला भनी सायद ती आमाहरूले सोचेका थिए होलान । तपाईंको आफ्ना बच्चाहरूका बारेमा पनि तपाईंले त्यसरी नै सोच्न सक्नुहुन्छ, यदि तपाईंले उनीहरूलाई उहाँकहाँ ल्याउनुहुन्छ भने ।

## १६. पृथ्वीमा धन १०:१७-२७

**पृष्टभूमिः** मत्तीका अनुसार यो मान्छे **जवान** थियो (१९:२२) र लूकाअनुसार उनी समाजमा **उच्च ओहदाका थिए** (१८:१८) । यो जवान राजनीतिज्ञले साँच्चिनै उनको जीवनमा धेरै सफलतालाई देखेका थिए । यो कुरा टिपोट गर्नुहोस् कि ती दिनमा इस्राएलका कुनै पनि प्रतिष्ठित मानिसहरू **नता कुद्ने गर्दथे, नता घुँडा टेक्ने नै ।**

१. तपाईंको विचारमा पद १७ मा वर्णन गरेझैं यो एक सफल राजनीतिज्ञले पनि किन त्यसरी असामान्य प्रकारले व्यवहार गरे होलान ?

- येशू नै परमेश्वर हुनुहुन्छ भनी उक्त मान्छेले विश्वास गरेनन् । त्यसो भए उहाँको प्रश्नको जवाफ उसले थाहा पाएको किन उहाँले अपेक्षा गर्नुभयो (१७ख-१८) ?

२. आफ्नो जीवनभरि नै परमेश्वरको आज्ञाहरूलाई पछ्याए तापनि किन यस मान्छेसँग अनन्त जीवनको निश्चयता थिएन ?

- किन हामी पनि प्रायः मरिसकेपछि के हुनेछ होला भनी सधैं निश्चित भइरहँदैनौं ?

३. पैसा तथा स्त्रीको क्षेत्रमा धेरै राजनीतिज्ञहरूलाई ठूलो परीक्षा पर्दछ । तपाईंको विचारमा यी परीक्षाहरूमा आफू स्वच्छ रहेको कुरा कसरी यस मान्छेले बताउन सक्यो होला (१९-२०) ?

- यो कुरा टिपोट गर्नुहोस् कि परमेश्वरको आज्ञाहरूलाई व्यवहारिकतामा मात्र नपछ्याएर, चिन्तन तथा बोलीहरूमा पनि पछ्याउनुपर्ने कुरा येशूले भन्नुभयो । तपाईंको विचारमा यो मान्छेले त्यो गर्न सकेको थियो होला र ?
- तपाईंले यी आज्ञाहरूलाई पालना गर्नुभयो भनी के तपाईंले ईमानदारपूर्वक बताउन सक्नुहुन्छ ?

४. परमेश्वरसँगको सम्बन्धमा यो मान्छेले अझै पनि एउटा कुरालाई गुमाइरहेको थियो । त्यो के हुन सक्छ (२१) ?

५. कस्ता कुराहरूलाई प्रायः मानिसहरूले सम्पत्तिका रूपमा लिने गर्दछन् (२१) ?

- यो जवान मान्छेको यस पृथ्वीमा दुई किसिमका सम्पत्तिहरू थिए । ती के थिए ?
- कसरी हामीले स्वर्गमा धन थुपार्न सक्छौं ?
- पृथ्वीको धनलाई स्वर्गको धनसँग तुलना गर्नुहोस् । भिन्नता के रहेका छन् ?

६. यो जवान मान्छेको हेरचाह गर्नुपर्ने वृद्ध अभिभावकहरू तथा परिवार थियो होला । यदि पद २१ म भएको येशूको आज्ञालाई उसले पछ्याएको भए, के हुने थियो होला ?

- यदि तपाईं यो जवान मान्छेको परिस्थितिमा हुनुहुन्थ्यो भने, परमेश्वरले तपाईंको पत्नी, बच्चाहरू तथा अभिभावकहरूलाई वास्ता गर्न सक्नुहुन्छ भनी के तपाईंले विश्वास गर्न सक्नुहुन्थ्यो होला ?
- यदि तपाईंले आफ्ना सबै सम्पत्तिहरू तथा धनहरूलाई छाड्न तयार भएमा मात्र तपाईं उहाँको चेला बन्न सक्ने शर्त येशूले राख्नुभयो भने, तपाईंले के गर्नुहुने थियो होला ?

७. यदि कुनै पनि शर्तबिना नै येशूले यस व्यक्तिलाई आफ्नो चेलाको रूपमा बोलाउनुभएको भए के हुने थियो होला ?

- पद २१ अनुसार येशूले यस मान्छेलाई हेर्नुभयो र उसलाई प्रेम गर्नुभयो । त्यसो भए उक्त व्यक्तिले उहाँलाई छोडेको भनी किन कठोर वचन बोल्नुभयो होला त ?

८. यस व्यक्तिले जब आफ्ना सम्पत्तिहरू छोड्न सक्दैन भनी थाहा पायो, तब यस मान्छेसँग कस्ता विकल्पहरू थिए ?

- यदि उक्त व्यक्तिले आफूले परमेश्वरलाई भन्दा पनि बढी पैसालाई प्रेम गर्ने कुरा स्वीकार गर्दै त्यसबाट उहाँसँग क्षमा मागेको भए, तपाईंको विचारमा येशूले कसरी प्रतिउत्तर दिनुहुने थियो होला ?

९. येशूले उक्त धनी मान्छे र पत्रुसलाई दिनुभएको प्रतिउत्तरलाई तुलना गर्नुहोस् (२७) । किन ती पूर्ण रूपले फरक छन् ?

- छलफल प्रश्नः पृथ्वीमा आफ्ना सम्पत्तिको मोहमा बाँधिएको कुनै एउटा व्यक्तिलाई परमेश्वरले बचाउन सम्भव होला ?

**खुशीको सन्देशः** यस पृथ्वीमा आउने क्रममा येशूले आफ्नो सम्पत्ति र वैभवलाई त्यागिदिनुभयो । पृथ्वीको सम्पत्तिहरू तथा मूर्तिहरूको मोहमा बाँधिएको कारणले दण्ड पाएझैं उहाँलाई क्रूसमा चढाइयो । तपाईंलाई थाहा छ उहाँलाई किन त्यसरी चढाइयो भनेर ? (१७)

## को प्रधानमन्त्री बन्न सक्नेछ ? १०:३२-४५

**पृष्टभूमिः याकूब र यूहन्ना** भनेका जब्दीका छोराहरू तथा गालीलमा भएका धनी माछुवालाहरू थिए । पत्रुससँगै उनीहरू येशूका घनिष्ट चेलाहरूमध्ये पर्दथे । येशूले एक पटक याकूब र यूहन्नालाई बज्रका छोराहरू भनी भन्नुभयो । **सताइन र मारिनको निम्ति अब यरूशलेमतिर** लागिरहनुभएको थियो । यो घटनाभन्दा अघि नै उहाँले दुई पटक आफ्नो मृत्युबारे घोषणा गरिसक्नुभएको थियो ।

१. याकूब र यूहन्नाले येशू किन यरूशलेममा जाँदै हुनुहुन्थ्यो होला भनी सोचे ?

- येशूले पद ३३-३४ मा गर्नुभएको अगमवाणीलाई यी भाइहरूले किन गम्भीर प्रकारले लिएनन् ?

२. याकूब र यूहन्नाले अघिबाटै येशूमा विश्वास गरिसकेका थिए, तरैपनि, उहाँ सङ्कष्टमा परेर मारिनुहुनेछ भनी उनीहरूले विश्वास गरेनन् ।

- यदि कुनै एउटा व्यक्तिले येशू मर्नुपर्ने आवश्यकतालाई देख्दैन भने, उसले उहाँबाट तथा इसाई विश्वासबाट के अपेक्षा गरिरहेको हुन्छ ?

३. येशूको राज्यमा उच्च ओहदालाई हासिल गरिसकेपछि, तपाईंको विचारमा जब्दीका छोराहरूले के गर्न चाहन्थे होलान ?

- हाम्रो संसारमा, ओहदाप्रतिको प्यास किन यतिको प्रचुर मात्रामा देखिन्छ ?

- तपाईंले आफ्नो परिवार वा काम गर्ने स्थानमा आफ्नो सामर्थ्य वा प्रभावलाई कसरी प्रकट गरिरहनुभएको छ ?

४. बाइबलीय भाषामा कचौराले सङ्कष्टलाई सङ्केत गर्दछ । यदि ती दुई भाइहरूलाई उहाँ आफै चढ्नुभएको क्रूसको दाँया र बाँयाको स्थान प्रदान गर्नुभएको भए, तिनीहरूले कसरी जवाफ दिने थिए होला (३८-३९) ?

- तपाईंलाई जस्तो किसिमको शक्ति र जिम्मेवारी सुम्पिदिएको छ, त्यसको एउटा अंशस्वरूप के तपाईंले सङ्कष्टलाई पनि स्वीकार गर्न इच्छुक हुनुहुनेछ होला ?

५. येशू तथा आफ्ना छिमेकीहरूसँगको सम्बन्धमा याकूब र यूहन्नाका पाप के थियो होला ?

६. यो परिस्थितिमा, जब्दीका छोराहरूसँग किन बाँकी १० चेलाहरू रिसाएका थिए ?

- इसाईहरूबीचको झगडा तथा किन त्यस्ता झगडाहरू देखिन्छन् भन्ने सन्दर्भमा हाम्रो पाठले हामीलाई के सिकाउँदछ ?

७. एउटा अगुवाको निम्ति येशूले यहाँ देखाउनुभएको आदर्शमय कुरा कसरी क्रान्तिकारी रहेको छ (४२-४४) ?

- नेतृत्वको निम्ति आदर्शमय उदाहरण भनेको येशू आफै नै हुनुहुन्छ, तर हाम्रो समयमा आजका कति इसाईहरूले त्यो नमूनालाई अभ्यास गर्दै आइरहेका छन् होला ?
- पद ४३-४४ मा भएको येशूको शिक्षालाई तपाईंले कतिको हदसम्म पछ्याइरहनुभएको छ ? ( तपाईंले आफ्नो मनमनै जवाफ दिन सक्नुहुन्छ) ।

८. येशू तथा याकूब र यूहन्नाबीच कस्तो भिन्नता रहेको छ ?

९. येशूले सेवक वा दासको कामलाई कहिले र कसरी गर्नुभयो (४५) ? (उत्तर यो खण्डभन्दा बाहिरबाट आउँछ) ।

- छुटकाराको मोल भन्नाले एउटा दास जसलाई किनिएको र त्यसपछि स्वतन्त्र पारिएको छ भन्ने बुझाउँछ । पद ४५ लाई पुनः एक पटक पढ्नुहोस् र तपाईंले आफ्नै जीवनमा अप्नाउनुहोस् । कुन कुराबाट येशूले तपाईंलाई किनेर स्वतन्त्र पार्नुभयो र त्यसको निम्ति उहाँले कति मूल्य चुकाउनुभयो ?

**खुशीको सन्देश:** येशूले तपाईंको निम्ति दिनुभएको सेवालाई तपाईंले स्वीकार गर्नुहोस् भन्ने उत्कट इच्छा राख्नुहुन्छ । तपाईंलाई दिइएको सामर्थ्यको दुरुपयोग गरेको पापको साथसाथ सबै किसिमका पापहरूबाट तपाईंले क्षमादान पाउनुभएको होस् भनी उहाँले चाहनुहुन्छ ।

## **१८. अन्धो भिखारीको रोदन १०:४६-५२**

**पृष्टभूमिः** हामीलाई थाहा भएअनुसार **येशू केवल एकैपटक मात्र यरिहोमा** जानुभयो । यरूशलेममा उहाँको अन्तिम यात्रामा उहाँले त्यो गर्नुभएको थियो । **येशू दाऊदको प्रत्यक्ष सन्तान हुनुहुन्थ्यो ।** दाऊदको सन्तान इस्राएलको सिंहासनमा सदासर्वदा रहनेछ भनी परमेश्वरले यस राजालाई प्रतिज्ञा गर्नुभएको थियो (२ शामूएल ७:१२-१६) । यतिबेला यो सहर रोमीहरूको अधिनमा थियो र कसैलाई पनि विगतको राजाहरू भनी वर्तमान समयमा उल्लेख गरेको उनीहरूले सहँदैनन् थिए ?

१. यदि भीख मागेर तपाईंले आफ्नो जीवन गुजारा गर्नुपर्ने हुन्थ्यो भने, तपाईंको लागि सबैभन्दा कठिन कुरो के हुने थियो होला ?

२. हरेक वर्ष त्यसरी सडकको छेऊमा बसेर भीख माग्ने व्यक्तिले के सिक्न सक्छ ?
- ➢ येशूले गर्नुभएको तीन वर्षे सार्वजनिक सेवकाइमा, यरिहोबाहेक इस्राएलको अन्य सबै ठाउँहरूमा जाने निधो गर्नुभएको कुरा यस बर्तिमैले सुन्दा, उसलाई कस्तो महसुस भयो होला ?

३. किन बर्तिमैले येशू घरीघरी जानुभएको सहर यरूशलेममा (झण्डै ३० किलोमिटरको दुरीमा रहेको) नै चङ्गाई पाउने प्रयास गरेनन् होला ?
- ➢ यदि येशूले यरिहोमा आउने योजना गर्नुभएको थियो भने, के तपाईंको विचारमा बर्तिमैले उहाँलाई भेट्ने योजना गरेका थिए होलान र ?
- ➢ यो अन्धो भिखारीको तर्क के थियो होला ?

४. येशू नै दाऊद राजाको पुत्र हुनुहुन्थ्यो भनी बर्तिमैले कसरी निष्कर्ष निकाले (४७) ?
- ➢ दाऊदको पुत्र भनी रोमीहरूका माझमा ठूलो सोरले चिच्याउनको निम्ति किन बर्तिमैलाई डर लागेन ?
- ➢ जब मानिसहरूले उसलाई शान्त पार्न चाहे तब कसरी उसको चिच्याहट फरक भयो (४७-४८) ?
- ➢ दाऊदको पुत्र भन्ने उपाधिप्रति येशूले कस्तो प्रक्रिया देखाउनुभयो ?

५. मद्दतको निम्ति बर्तिमै चिच्याइरहेका थिए, तर मानिसहरूले उनलाई शान्त पार्ने चेष्टा गरे । किन होला ? विभिन्न कारणहरूलाई दिनुहोस् ।
- ➢ त्यसरी चिच्याएकोमा उक्त अन्धो मान्छेलाई गाली गर्नुको सट्टामा मानिसहरूले के गर्नु उचित हुने थियो होला (४८) ?
- ➢ जब तपाईंका वरिपरि भएका मानिसहरूले तपाईंको क्रन्दनलाई सुन्न इन्कार गरेको कुनै घटनालाई के तपाईंले सम्झन सक्नुहुन्छ ? किन त्यस्तो भएको थियो होला ?

६. येशूले बर्तिमैलाई बोलाउनुभएको कुरा जब मानिसहरूद्वारा उसले सुन्यो, तब उसलाई कस्तो भयो होला (४९-५०) ?

- बर्तिमैले आफ्नो वस्त्रको हेरचाह राम्रोसँग गरेको हुनुपर्दछ किनकि त्यो उसको निम्ति रातीको ओछ्यान तथा सिरानी दुवै नै भएको थियो । किन उसले अचानक त्यसलाई फ्याँकिदियो (५०) ?

७. किन त्यस्तो स्पष्ट प्रश्न येशूले बर्तिमैलाई सोध्नुभयो होला (५१) ?

- येशूले तपाईंलाई पनि आज त्यही प्रश्न सोध्नुहुन्छ (५१) । तपाईंले उहाँलाई कसरी जवाफ दिनुहुन्छ होला ?

८. यो मान्छेको आँखालाई येशूले कसरी निको पार्नुभयो (५२) ?

- पद ५२ लाई दुई तरिकाले अनुवाद गर्न सकिन्छ । तिम्रो विश्वासले तिमीलाई चङ्गाई गरेको छ वा तिमी बचाइएको छौं । सबै मानिसहरूका अघि किन येशूले बर्तिमैलाई त्यसरी भन्नुभयो ?

९. बर्तिमैले येशूलाई सायद यरूशलेमसम्मै पछ्याएका थिए होलान (५२ख) । किन उनले त्यसो गरे होलान ?

- भोलिपल्ट जब उहाँ यरूशलेममा जाँदै हुनुहुन्थ्यो सबैले येशूलाई दाऊदको पुत्र भनी चिच्याइरहेका थिए (११:९-१०) । किन उनीहरू रोमीहरूसँग डराउन छोडेका थिए ?
- आफ्नो आँखालाई निको पारेर देख्न सक्ने बनाइदिनुभएको येशूलाई एकै हप्तापछि त्यसरी क्रूसमा झुण्डिएको बर्तिमैले देखे । येशूको मृत्युले उसलाई के बुझाएको थियो होला ?

## १९. श्रापित रूख ११:१२-१४ र २०-२५

**पृष्टभूमिः** बाइबलअनुसार, परमेश्‍वरको व्यवस्थालाई पालना नगर्ने व्यक्तिमाथि **उहाँको रीस** खनिन्छ ( व्यवस्था २८:१५) । पुरानो नियमको कतिपय अगमवक्ताहरूले उहाँको यस रीसलाई नाटक वा अभिनयद्वारा प्रस्तुत गरे । येशूले उक्त रूखलाई सराप दिनु पनि त्यस्तै नै **क्रियाकलाप** थियो ।

### पद १२-१४

१. यदि कुनै व्यक्तिले अरूलाई सरापेको छ भने के हुन्छ ?

- यदि तपाईंलाई कसैले कहिल्यै सरापेको छ भने, त्यसलाई तपाईंले कसरी लिनुभयो, हामीलाई बताउनुहोस् ।

२. अञ्जिर फल्ने समय नै नहुँदा कसरी येशूले त्यसको अपेक्षा गर्नुभयो होला ?

- जब येशूले यो साङ्केतिक कार्यलाई प्रदर्शन गर्नुभयो, तब उक्त रूखले कसलाई वा केसलाई सङ्केत गरेको थियो ?
- यस कार्यको व्याख्यास्वरूप येशूले आफ्नै मानिसहरूलाई सराप्नुभएको थियो भनी भनेमा कस्तो होला ?

३. उहाँका आफ्नै मानिसहरूबाट येशूले कस्तो फलको अपेक्षा गरिरहनुभएको थियो ?

- तपाईंको जीवनबाट येशूले कस्तो फल अपेक्षा गर्नुहुन्छ ?
- येशूले तपाईंको मण्डली वा (सामान्य रूपमा इसाई मण्डलीहरूबाट) कस्ता फलको अपेक्षा गरिरहनुभएको छ ?

४. अनुग्रहको समय(परमेश्वरको धैर्यताको समय) बारेमा हामीले के सिक्न सक्छौं र त्यो सामान्यतया कति समयसम्म रहिरहन्छ ?

- यूरोप तथा अमेरिकाको मण्डलीहरूमा परमेश्वरले कहिले आफ्नो धैर्यतालाई छोड्नुहुन्छ होला ?

**पद २०-२१**

५. श्रापित जीवन कस्तो हुन्छ ?

- येशू ख्रीष्टको क्रूस तथा श्रापित अञ्जिरको रूखमा के समानता छ ?

**पद २२-२२**

६. यदि तपाईंले कहिल्यै विश्वासको प्रार्थना गर्नुभएको भए, के तपाईंले त्यसरी प्रार्थनामा मागेको कुरा पाउनुभयो ?

- विश्वासको प्रार्थना तथा सामान्य प्रार्थनाबीच के भिन्नता रहेको छ ?

७. पर्वतलाई एक ठाउँबाट अर्को ठाउँतिर हटाउने अनुरोध प्रायः हामी किन गर्दैनौं ?

- यदि तपाईंको जीवनमा “पर्वत” हटेको छ भने, त्यो कसरी भयो हामीलाई बताउनुहोस् ।
- जब इसाईहरूले “पर्वत” लाई हटोस् भनेर आदेश दिन्छन् र त्यो हट्दैन भने, त्यस्ता समयहरूका बारेमा तपाईंले के सोच्नुहुन्छ ?

**पद २५**

८. अरूलाई क्षमा दिनुमा सबैभन्दा कठिन कुरो हो ?

- यदि हामी अर्को व्यक्तिलाई क्षमा दिन सक्दैनौं भने, हामीले के गर्नुपर्दछ ?

- ➢ यदि एउटा व्यक्तिले आफ्नो छिमेकीलाई क्षमा दिन चाहँदैन भने, त्यसले इसाई विश्वासको बारेमा के देखाउँछ ?

९. अञ्जिरको रूखलाई श्राप दिने कुरासँग येशूले त्यसपछि दिनुभएको प्रवचन कसरी सम्बन्धित छ (२२-२५) ? (उहाँको प्रवचनअनुसार उहाँले हाम्रो जीवनबाट के कस्तो कुराको अपेक्षा गरिरहनुभएको छ ?)
- ➢ आफूलाई मार्ने योजना बनाइरहेका शत्रुहरू जसलाई उहाँले चिन्नुहुन्थ्यो, कसरी येशूले तिनीहरूलाई क्षमा दिन सक्नुहुन्छ ?

**साराँश:**

१०. किन येशूले उक्त अञ्जिरको रूखलाई आफ्नो जीवनको अन्तिम हप्तातिर सराप्नुभयो, तर त्योभन्दा अघि होइन ?
- ➢ येशूले त्यस अञ्जिरको रूखलाई सरापिसकेपछि, उहाँ आफैले नै त्यो स्थानलाई लिनुभयो र आफै नै श्रापित बन्नुभयो । येशूको यस साङ्केतात्मक कार्यलाई तपाईंले कसरी व्याख्या गर्नुहुन्छ ?

**खुशीको सन्देश:** येशूसँग कसरी हामीले महिमा साटासाट गरेर श्रापको सट्टामा आशिष् प्राप्त गर्न सक्नेछौं भनी पावलले हामीलाई बताउँछन् । अगुवाले गलाती ३:१३-१४ पढिदिनुहोस् ।

## २०. शारीरिक पुनरुत्थान हुँदैन १२:१८-२७

**पृष्टभूमि:** येशूको समयमा **सदुकीहरू** भनेका धार्मिक उत्कृष्टजनहरू थिए । अनि प्रमुख पूजाहारीलाई सामान्यतया उनीहरूबाट नै चुनिने गरिन्थ्यो (प्रेरित ५:७) । सदुकीहरूले परमेश्वरमा तथा मोशाको पाँच पुस्तकहरूमा विश्वास गरे (उत्पत्तिदेखि व्यवस्थासम्म), तर उनीहरूले शारीरिक पुनरुत्थान, आत्मिक संसार तथा अनन्त जीवनमाथि विश्वास राखेनन् । वास्तवमा भन्नुपर्दा, येशूको समयको सदुकीहरूसँग हिजोआजका **स्वतन्त्रवादी ईश्वरशास्त्रीहरू** अति नै मिल्दोजुल्दो छन् (पद २४ लाई हेर्नुहोस्) ।

१. उनीहरूका प्रश्नहरूलाई येशूले कसरी उत्तर दिनुभएको सदुकीहरूले चाहन्थे (१८-२३) ?
- ➢ शारीरिक पुनरुत्थानलाई सदुकीहरूले किन अनौठो तथा असम्भव भएको भनी विश्वास गरे ?
- ➢ यो खण्डअनुसार सदुकीहरूको प्रमुख चिन्ताको विषय भनेको के थियो ?

२. निम्नलिखित परिस्थितिहरूलाई कल्पना गर्नुहोस् । जस्तै:
- ➢ तपाईं सदुकी हुनुहुन्छ र तपाईंको साथीले भर्खरै ऊ/उनी निको नहुने क्यान्सर रोगले ग्रसित भएको भर्खरै सुनेको छ । तपाईंले उसलाई/उनलाई कसरी सान्त्वना दिनुहुन्छ ?

- तपाईं सदुकी हुनुहुन्छ र एकदमै नियन्त्रण नै गर्न नसकिने गरी विधवा रोइरहेकी दाहसंस्कारमा तपाईं पुग्नुभएको छ । तपाईंले तिनलाई के भन्नुहुन्छ होला ?

३. शारीरिक पुनरुत्थानमा विश्वास नगर्ने एउटा व्यक्तिले परमेश्वरबारे कस्तो अवधारणालाई राख्दछ होला ?
   - अनन्त स्वर्ग वा नरकमा विश्वास नगर्ने एउटा व्यक्तिले मुक्ति भन्ने शब्दलाई कसरी बुझ्दछ होला ?
   - सदुकीहरूले कस्ता किसिमको मुक्तिदातालाई प्रतिक्षा गरिरहेका थिए ?

४. किन सदुकीहरू सही सिद्धान्त तथा बचाइने विश्वासबाट तर्केर गए (२४) ?
   - किन आजको स्वतन्त्रवादी ईश्वरशास्त्रीहरूले पनि सदुकीहरूको झैं गल्ती गरिरहेका छन् ?
   - शारीरिक पुनरुत्थानलाई इन्कार गर्ने स्वतन्त्रवादी ईश्वरशास्त्रीहरूको झूटा शिक्षा तथा भ्रमबाट मानिसहरूलाई कसले बचाउन सक्छ ?

५. पुनरुत्थानमा आफ्नो विश्वासलाई बचाउने सम्बन्धमा येशूले कस्तो किसिमको बहसलाई प्रयोग गर्नुहुन्छ होला (२६-२७) ?
   - हिब्रू ११:१६-१७ खण्डमा भएको अब्राहाम, इसाहक तथा याकूबको विश्वासबारे अगुवाले पढिदिन सक्छन् । यदि यी तीन पूर्वजहरूले पुनरुत्थानमा विश्वास गरेका थिएनन् भने, उनीहरूका जीवनबारे कस्ता निष्कर्ष निकाल्नमा उनीहरू बाध्य छन् ?
   - यदि तपाईं शारीरिक रूपमा बौरिउठ्नुहुनेछ भनेर विश्वास गर्नुहुन्न भने, तपाईंको जीवन कस्तो हुनेछ होला ?

६. कतिपय फरिसीहरूले येशूमा विश्वास गरेको कुरा नयाँ नियमले बताए तापनि, कुनै पनि सदुकीहरू विश्वासमा आएको कुरा उल्लेख छैन । यो किन त्यसरी भयो होला ?

७. मृत्युसँग डराउनेहरूका लागि यो खण्डले हामीलाई कस्तो सान्त्वना दिन्छ ?
   - उहाँ मरेकाहरूको परमेश्वर हुनुहुन्न, तर जीवितहरूका । येशूको यस भनाइले तपाईंलाई व्यक्तिगत रूपमा के बुझाउँछ (२७) ?

**खुशीको सन्देश:** यदि परमेश्वर मृत्तकहरूका परमेश्वर हुनुहुन्न र जीवितहरूका परमेश्वर हुनुहुन्छ भने, किन परमेश्वर आफै नै मर्नुभयो त ? किनकि अनन्त मृत्युबाट अनन्त जीवनसम्म पापीहरूलाई पुऱ्याउनको निम्ति अन्य कुनै पनि मार्ग नभएको हुनाले नै हो ।

## २१. येशूको दोस्रो आगमन १३:१४-३२

**पृष्टभूमिः** यो खण्डमा **येशूले दुईओटा घटनाहरूको एकपछि अर्को गरी चर्चा गर्नुहुन्छ ।** जस्तैः यरूशलेमको पतन (जुनचाहिँ ४० वर्षपश्चात्, सन् ७० तिर भयो) र उहाँको दोस्रो आगमन अघिको तत्कालिक समय (अर्थात् आजको हाम्रो समय) ।

१. कतिपय विद्वानहरूले यसरी भनेका छन्: यदि मानिसको इतिहासलाई मध्यरातमा संसारको अन्त्यसहित २४ घण्टे दिनमा राखिने हो भने, अहिलेको समय भनेको २३:५५ रहेको छ । यस अवधारणाबारे तपाईंले के सोच्नुहुन्छ ?
   - के तपाईं जीवित छँदा नै येशू पृथ्वीमा फर्केर आएको तपाईंले चाहनुहुन्छ ? आफ्नो तर्क दिनुहोस् ।

२. विनाशकारी घृणित थोक (१४) जसले दानिएलको पुस्तकमा भएको एन्टिओकस एपिफ्यानीलाई सङ्केत गर्दछ किनकि उसले ई.पू. १६८ भन्दा अघि यरूशलेमको मन्दिरमा ग्रीक ईश्वर जीयसको वेदीलाई खडा गरेको थियो । अनि अन्त्यको समयतिर पनि त्यस्तै नै हुनेछ भनी येशूले अगमवाणी बोल्नुभएको छ । तपाईंको विचारमा, परमेश्वरको मन्दिर अर्थात् इसाई मण्डलीमा समयको अन्त्यतिर त्यस प्रकारको विनाशकारी घृणित थोक केसलाई खडा गराउनेछ होला ? सन् ७० तिर इसाईहरूले येशूको शब्दहरूलाई सम्झे र यरूशलेमलाई घेरा हाल्दा उनीहरू उम्किएर भागे । अन्त्यको समयमा यस्ता शब्दहरूले कस्तो अर्थ दिन्छन् होला ? इसाईहरूलाई कस्तो कुराहरूबाट भाग्नुपर्ने हुन्छ होला (१४-१८) ?

३. महासङ्कष्टको समयमा मानवजातिहरूमाथि ठूलो विपत्ति आइपर्नेछ भनी किन येशूले भन्नुभएन ( १९-२०) ?

४. यो खण्डअनुसार, येशूको दोस्रो आगमनअघि मण्डलीको धार्मिक परिस्थिति कस्तो हुनेछ होला (२१-२३) ? (यो खण्डअनुसार, समयको अन्त्यतिर कस्तो किसिमको विश्वजागृति आइपर्नेछ भनी कतिपय इसाईहरूले विश्वास गरेका छन् ?)
   - कसले साँचो ख्रीष्टको घोषणा गरिरहेका छन् र कसले गरिरहेका छैनन् भन्ने कुरा कसरी हामीले बुझ्न सक्छौं (२१-२३) ?
   - कसरी झूटो ख्रीष्टको अगमवक्ताहरूले अच्चमका कामहरू तथा चिन्हहरूलाई प्रदर्शन गर्न सक्नेछन् ?
   - सायद झूटो ख्रीष्टका अगमवक्ताहरूले उनीहरू आफैलाई सही भएको दाबी गर्नेछन् होला । कुन कुराले उनीहरूलाई त्यसरी डरलाग्दो भ्रममा पारिरहेको हुन्छ होला ?

- ➢ यस्तो महासङ्कष्टको समयमा साँचो इसाईहरू भ्रमित हुन सम्भव होला ? तपाईंले आफ्नो तर्क दिनुहोस् ।

५. पद २४-२५ मा वर्णन गरिअनुसार, कस्ता कुराहरूले वातावरण तथा भौगोलिक परिवर्तन गराउनेछ होला ? विभिन्न सम्भाव्य कारणहरूबारे चिन्तन गर्नुहोस् ।

६. येशू आउनुहुँदा चुनिएका मानिसहरूलाई के हुनेछ होला ? अरूलाई नी (२६-२७) ?

७. अञ्जिरको रूखको यस दृष्टान्तबाट येशूले आज हाम्रो लागि के भनिरहनुभएको छ (२८-२९) ?

८. येशूले आफ्नो फर्काइबारेमा अगमवाणी गर्नुहुँदा भूल गर्नुभयो भनी स्वतन्त्रवादी ईश्वरशास्त्रीहरूले दाबी गर्छन् (३०) । उनीहरूका त्यस्ता दाबीहरूबारे तपाईंले के भन्नुहुन्छ ? (यदि येशू भूल गर्ने मानिसहरूझैं साबित हुनुभयो भने, इसाई विश्वास के भएर जानेछ होला ?)
   - ➢ पद ३० ले साँच्चिकै के भन्न खोजेको छ होला ?

९. अन्तिम समयको विश्वासीहरूका बारेमा परमेश्वरको वचनले के बताउँछ (३१) ?
   - ➢ परमेश्वरको वचनले तपाईंलाई आज व्यक्तिगत जीवनमा के बुझाउँछ ?

१०. अन्तिम समयसम्म येशूको आगमनको मितिलाई किन गोप्य राखिनुपर्दछ (३२) ?

## २२. प्रेम कहिल्यै असफल हुँदैन १४:१-९ ।

**पृष्टभूमिः** निम्नलिखित खण्डहरूमा **बेथानीमा भएको मरियमको** बारेमा बताइएको छ भन्ने कुरा अगुवाले सङ्क्षिप्त रूपले मानिसहरूलाई बताउनुपर्ने हुन्छ । जस्तैः लूका १०:३८-४२, यूहन्ना ११ र १२:१-११ । (तिनी लूकाको पुस्तकको ७:३६-५० खण्डमा  भएकी स्त्री होइनन् । मार्था, मरियम तथा लाजरसको अभिभावकहरू मरिसकेका थिए भन्ने कुरा स्पष्ट छ । सायद उनीहरूले आफ्ना सम्पत्ति ( पैसा) लाई उनीहरूका अविवाहित छोरीहरूका निम्ति दाइजोको रूपमा प्रयोग गरिन वा वृद्धअवस्थामा आफ्नै देखभाल गर्नको निम्ति छोडेका थिए होलान । येशूको जीवनको **अन्तिम हप्ता** भर्खरै सुरु भएको थियो ।

१. यदि तपाईंको साथी मरिरहेको छ भन्ने कुरा तपाईंले थाहा पाउनुभयो भने, उसलाई/उनलाई तपाईंले कस्तो किसिमको उपहारहरू दिनुहुनेछ होला ?

- येशूले यहाँ उहाँको आफ्नै दाहसंस्कारको बारेमा बताउनुभएको छ (८) ? के चेलाहरूबाहेक मरियमले पनि येशू मर्न जाँदै हुनुहुन्छ भन्ने कुरा महसुस गरेकी थिइन् होला र ? आफ्ना तर्कहरू दिनुहोस् ।

२. यसरी एक भाँडो अत्तरलाई किन्नु भनेको एउटा सामान्य व्यक्तिले एक वर्षमा कमाउने रकम बराबर खर्च गर्नुजस्तै नै हो । त्यसैकारणले एक पटकमा केवल एक थोपा मात्र प्रयोग गर्ने चलन थियो । आजको हाम्रो समयमा हामीले त्यसलाई कति पैसा तिर्नुपर्दथ्यो होला ?
   - त्यतिको पैसा थुर्पान कति लामो समयसम्म काम गर्नुपर्दछ होला ?
   - जसरी मरिमयले यो महँगो अत्तरलाई लिएर आएकी थिइन्, उनले आफ्नो दाइजो वा पेन्सनको बारेमा के सोचिरहेकी थिइन् होला ?

३. मरियमले उक्त अत्तरको केही थोपाहरू मात्र येशूको टाउकोमा खन्याउनुपर्नेमा किन तिनले सबै खन्याइदिइन् होला ?
   - मसीह तथा ख्रीष्टको अर्थ अभिषिक्त जन हो र यहूदीहरूले आफ्ना राजाहरूलाई चुन्ने क्रममा उनीहरूलाई अभिषेक गर्ने चलन थियो । किन येशू आफ्नो दाहसंस्कारको अघिसम्म अभिषिक्त हुनुभएन ?

४. मरियमले उक्त अत्तरको निम्ति आफ्नो सबै जम्मा गरेर राखेको सम्पत्तिलाई प्रयोग गरेकी थिइन् । उनीप्रति जस्तो आलोचना गरियो, कुनचाहिँ खप्न अति नै कठिन थियो (४-५) ?
   - एक वर्षको कमाइले कसरी उक्त सहरमा भएका गरिब मानिसहरूलाई सहायता पुग्ने थियो होला ?

५. येशूले तिनको प्रतिरक्षामा बोल्नुभएको कुन कुराले तिनको हृदयलाई ठूलो सान्त्वना मिल्यो (६-९) ?
   - के तपाईंले आफ्नै जीवनमा येशूको वचनः तिनले जे गर्न सक्थिइन् त्यही नै गरिन् भन्ने कुरालाई लागु गर्न सक्नुहुन्छ (८) ?
   - अबदेखि उसो तपाईंले पनि येशूको लागि के गर्न सक्नुहुन्छ होला ?

६. मरियमको कार्य कसरी येशूको कार्यसँग मिल्दोजुल्दो थियो ? (जस्तैः क्रूसमा उहाँको मृत्युसँग तथा पद ९ मा भएको सुसमचारसँग) ?
   - तपाईंको विचारमा मरियमले येशूको निम्ति पोखाएकी अत्तर महँगो थियो वा येशूले तिनको निम्ति बगाउनुभएको रगत महँगो थियो ?

७. मरियमको कुनचाहिँ बानी त्यति विशेष भयो र त्यो सदासर्वदाको निम्ति सम्झनास्वरूप रह्यो (९) ?

- तपाईंले पनि कस्तो सम्झनालाई छोडेर जान चाहनुहुन्छ (९) ?

८. तपाईंको विचारमा, त्यसदिन येशूको निम्ति मरियमले खर्च गरेकी महँगो अत्तरबारे पछि तिनले के सोचिन होला ?

- कसरी मरियमले येशूलाई त्यसरी प्रेम गर्न सिकिन् ?
- कसरी हामीले पनि मरियमले झैं येशूलाई प्रेम गर्न सक्छौं ?

**खुशीको सन्देश:** येशूको आज्ञालाई मानेर मरियमले उहाँलाई प्रेम गर्न सिकेकी थिइन् । त्यसैकारणले उनले सही समयमा यसरी आफ्नो कामलाई पनि देखाउन सकेकी हुन् । मरियमले सर्वप्रथम सुसमाचारमा विश्वास गरिन् र त्यसपछि उनको हृदयमा परमेश्वरको निम्ति सबै कुराहरू सुम्पिदिने इच्छा जागेको थियो । अनि पृथ्वीमा उहाँको अन्तिम समयमा येशूले आफू जतातत‍ै जानुहुँदा यसरी अत्तरको भाँडो तिनको कारणले बोकेर हिँड्नुभएको थियो ।

## २३. एक बनावटी प्रकारले येशूको जाँच १५:१-१५

पृष्टभूमि: यो अध्ययनको निम्ति, समूहलाई २ वा ३ को सङ्ख्यामा विभाजन गर्नुहोस् । प्रत्येक समूहले यो खण्डको एक वा दुईओटा भागलाई छलफल गर्नेछ र आफूले अध्ययनको क्रममा पाएको कुरालाई त्यसपछि उसले बाँड्नेछ ।

### १. पन्तियस पिलातस

*सन् २६-३६ मा यहूदियाको राज्यपालका रूपमा उनले रोमी साम्राज्यको शासनमय शक्तिलाई प्रतिनिधित्व गरेका थिए र उनी आफै नै सम्राट तिबेरियसका अधिनमा थिए । यहूदी विद्रोहबारेको कुनै पनि हल्ला सम्राटले नसुनेको पिलातसले चाहन्थे । मृत्युदण्ड दिने वा नदिने भन्ने विषयमा त्यो उनको अधिकारको दायराभित्रको कुरो थियो ।*

### पद १-१५

- यो खण्डबाट तपाईंले पिलातसको चरित्रबारे कस्तो प्रभाव पाउनुहुन्छ ? (उदाहरणको लागि, उनको जीवनको मान्यताहरू के कस्ता थिए ? आदि) ।
- अनि जाँचको समयमा पद १२ र १४ मा भएको प्रश्नहरूलाई सोध्ने न्यायधीशको बारेमा तपाईंले के सोच्नुहुन्छ ?
- किन पिलातसले आफूसँग भएको अख्तियारलाई प्रयोग गरेनन् र बरु, उहाँको निम्ति अरूलाई नै निर्णय गर्ने मौका दिए ?

- ➢ येशूबारे पिलातसले साँच्चिनै के महसुस गरे ? (किन उनले येशूले यहूदीहरूका राजा भनी दुई पटकसम्म भने ? पद ९ र १२) ।
- ➢ यी दुई मानिसहरूलाई एक-अर्कासँग तुलना गर्नुहोस्: रोमी राज्यपाल तथा यहूदीहरूका राजा । उनीहरूबीच कस्तो भिन्नता रहेको छ ?
- ➢ अन्त्यमा यो कानुनी मुद्दालाई कसले समाधान गऱ्यो ?
- ➢ येशूलाई कोर्रा हान्ने र क्रूसमा चढाउने आदेश दिइसकेपछि, पिलातसले कस्तो महसुस गरे (१५) ?
- ➢ तपाईंको विचारमा पिलातसले कसरी आफ्नो सचेतनालाई शान्त पार्ने प्रयास गरे होलान ?
- ➢ यदि त्यस बिहानी तपाईं पिलातसको स्थानमा हुनुहुन्थ्यो भने, तपाईंले त्यस मुद्दालाई कसरी हेर्नुहुन्थ्यो होला ?

**२. बारब्बा**

*हत्यारा तथा राजनैतिक विद्रोही र उनको नाउँको अर्थ भनेको एउटा पुत्रको बाबा भन्ने हुन्छ ।*

**पद ६-१५**

- ➢ यो व्यक्तिको बाल्यवस्था, किशोरवस्था तथा बयस्कावस्था कस्तो थियो होला, कल्पना गर्नुहोस् । यो मान्छेलाई क्रान्तिकारी तथा हत्यारा केसले बनाएको थियो होला ?
- ➢ यदि तपाईंको परिस्थिति फरक भएको भए, तपाईंको विचारमा के तपाईं आफै नै हत्यारा बन्नुहुने थियो होला ? किन र किन होइन ?
- ➢ तपाईंको विचारमा मृत्युदण्डलाई भेलिरहेको यस व्यक्तिले कस्तो प्रकारको चिन्तन गर्दथ्यो होला ? (के उसले कुनै पनि कुरालाई धिक्कार मानिरहेका थिए होलान ?)
- ➢ उसको आफ्नो सट्टामा क्रूसमा काँटी ठोकिएर मारिनुभएको व्यक्तिलाई के तपाईंको विचारमा बारब्बाले हेर्न गएका थिए होलान र ?
- ➢ येशूसँगको सम्बन्धमा कसरी हामी सबै पनि बारब्बाजस्तै नै छौं ?

**३. मुख्य पूजाहारी**

*सामान्यतया एक पटकमा केवल एउटै मात्र प्रमुख पूजाहारी हुने गर्दथ्यो, तर यहाँचाहिँ दुईओटा पूजाहारीहरू भएको हामी देख्छौं । कैयाफा, प्रमुख प्रधान पूजाहारी जो सन् १८-३६ तिरका थिए भने, उनीभन्दा अघिका पूजाहारीचाहिँ उनको ससुरा हन्नास थिए । उनले आफ्नो ज्वाईद्वारा अझै पनि आफ्नो प्रभावलाई जमाइरहेका थिए ।*

**पद १-१५**

- ➢ यस्ता महापूजाहारीहरूले आफ्नो जीवनको बुलावटलाई तपाईंको विचारमा कसरी लिएका थिए ?

- किन प्रमुख पूजाहारीहरूले येशूको डाहा गरे ?
- किन उनीहरूले आफ्नै अभिप्रायहरूलाई पहिचान गरेनन् ?
- तपाईंको विचारमा कुनचाहिँ अपराध सबैभन्दा डरलाग्दो छः महापूजाहारीहरूद्वारा गरिएको कानुनी हत्या वा विद्रोहको समयमा बारब्बाले गरेको हत्या ?
- एउटा गम्भीर प्रकारको धार्मिक व्यक्ति कसरी दुष्टको हातको साधन बन्न सम्भव होला ?
- के तपाईं पनि कुनै न कुनै तरिकाले प्रमुख पूजाहारीहरूजस्तै देखिनु त भइरहेको छैन ? यदि त्यस्तो हुनुहुन्छ भने, कुन क्षेत्रमा ?

## ४. भीड

*अघिल्लो हप्ता उनीहरूले येशूलाई होसन्ना भनी स्वागत गरेका थिए । तर अहिले उनीहरू यसरी कराइरहेका छन्ः त्यसलाई क्रूसमा चढाओ । त्यो भीडमा कुनै यस्तो व्यक्ति पनि थियो होला जसलाई येशूले व्यक्तिगत रूपमा मद्दत गर्नुभएको थियो ।*

### पद ८-१५

- किन भीडले त्यस्तो खतरानक हत्यारालाई स्वतन्त्र पारियोस् भन्ने चाहे होलान ?
- के मानिसहरूले आफैलाई आफ्ना सहयोगीको विरुद्ध खडा गराउन सक्छन् र ? (किन त्यहाँ येशूको निम्ति तथा उक्त परिस्थितिमा त्यसरी न्यायलाई बङ्ग्याएको विरुद्धमा एउटै पनि आवाज उठाउने एउटै पनि व्यक्ति थिएनन् ? ।)
- त्यस बिहान यदि तपाईं उक्त भीडमा हुनुहुन्थ्यो भने, तपाईंले के गर्नुहुने थियो होला ?
- के आज हाम्रो समयमा पनि हाम्रा देशमा यस्तै किसिमको घटना घट्ने सम्भावना छ ? आफ्नो तर्कलाई प्रस्तुत गर्नुहोस् ।
- प्रजातन्त्रको असल तथा खराब पक्षबारे यो खण्डले हामीलाई के सिकाउँदछ होला ?

## ५. येशू

*सम्पूर्ण जाँचको अवधिभरि नै उहाँले केवल एउटै मात्र वाक्य बोल्नुभयो (२) । अन्यथा उहाँ चुपचाप रहनुभयो ।*

### पद १-१५

- यतिबेलासम्म येशूले मान्छेको पुत्र भन्ने उपाधिबाहेक अन्य सबै उपाधिलाई इन्कार गर्नुभयो । किन अहिले उहाँले आफू यहूदीहरूका राजा हुनुभएको कुरालाई स्वीकार गर्नुभयो (२) ?
- किन येशूले आफ्नै बचाव गर्नुभएन ?

- यो खण्डमा भएका अन्य पात्रहरूसँग येशूलाई तुलना गर्नुहोस् । किन उहाँ अरूभन्दा फरक हुनुभयो ?
- (उहाँको त्यस्तो परिस्थितिमा पनि किन येशू त्यतिको प्रशंसानीय हुनुभयो ?)
- तपाईंको विचारमा येशूले आफ्ना वरिपरि भएका मानिसहरूबारे कस्तो महसुस गर्नुभयो ?
- जाँचको समयमा येशूको मुद्दालाई कसले समाधान गऱ्यो ? पिलातस, परमेश्वर वा शैतान ?

## २४. विश्वास गर्न नसकिने पुनरुत्थान १६:१-११

**पृष्टभूमिः** एउटा प्राचीन समयको परम्पराअनुसार, मर्कूस भनेको पत्रुसका अनुवादक थिए र उनको सुसमाचार भनेको **पत्रुसको आँखाबाट हेरिएको येशूको जीवनी थियो ।** यो सुसमाचारमा भएको एउटा विषयवस्तु भनेको **चेलाहरूको विश्वासको कमी हो ।** येशूले अघिबाटै आफ्नो मृत्यु र पुनरुत्थानबारेमा अगमवाणी गरिसक्नुभएको भए तापनि, त्यो सम्भव थियो भनेर चेलाहरूले विश्वास गरेका थिएनन् । जुनदिन उहाँ मर्नुभयो, **त्यसदिन येशूको देहलाई अघिबाटै अभिषेक गरिसकेको थियो भन्ने कुरालाई ध्यान दिनुहोस् ।**

१. मत्तीका अनुसार उक्त चिहानमा ठूलो ढुङ्गाको बार लगाइएको तथा रोमी सेनाहरूले पहरा दिइरहेको भए तापनि, किन गालीलका महिलाहरूले त्यहाँ जाने जिद्दी गरे होला (१-३) ?

२. दुई दिन अघि नै जताभावी तरिकाले दुर्व्यवहार गरिएको येशूको शरीरलाई अभिषेक गरिसकेको ती स्त्रीहरूले देखेका थिए । तपाईंको विचारमा किन उनीहरूले फेरि उहाँको शरीरलाई अभिषेक गर्न चाहे होलान ?
   - के त्यो अवस्थामा तपाईंले आफ्नो प्रियजनको शरीरलाई छुन र देख्न चाहनुहुने थियो होला ?
   - येशूको मृत्युलाई केवल यूहन्नाले मात्र देखेका थिए । अन्य चेलाहरूले येशूको मृत्युलाई केवल एकै पटक पनि हेर्न चाहेनन् । किन चाहेनन् होला ? (के यस सम्बन्धमा, तपाईंको विचारमा पुरुष र महिलाबीच भिन्नता रहेको छ होला ? यदि छ भने, त्यो के होला ?)

३. यदि येशूको अगमवाणीअनुसार ती स्त्रीहरूले पुनरुत्थानमा विश्वास गरेको भए, उक्त आइतबार बिहान तपाईंको विचारमा उनीहरूले कसरी प्रतिक्रिया देखाउने थिए होलान ?

४. जब स्वर्गदूतको आवाजलाई तिनीहरूले सुने, तब ती महिलाले के सोचिन (६) ?
   - स्वर्गदूतको वचनको बावजुत पनि, ती महिलाहरूले उहाँको पुनरुत्थानबारे अरूलाई बताउन डराए (८) । उनीहरू के कुराको लागि त्यसरी डराएका थिए ?

५. ती दिनहरूमा न्यायलयको कठघरामा स्त्रीहरूको गवाहीलाई मान्यता दिने चलन नभएको भए तापनि, किन येशूले आफ्नो पुनरुत्थानको पहिलो गवाही स्त्रीहरूलाई नै बनाउने छनोट गर्नुभयो (७,१०) ?

६. यी स्त्रीहरूका हृदयमा येशूको पुनरुत्थानप्रतिको विश्वास कहिले र कसरी जागेको थियो ?

७. के तपाईंको जीवनमा कुनै त्यस्तो कुरा छ जो एउटा मृत्त शरीर जीवित भएर उठ्नु जत्तिकै असम्भव देखिन्छ ? (मनमनै जवाफ दिनुहोला ।)

- पद १४ मा उहाँले विश्वासको कमी भएको कारणले चेलाहरूलाई हप्काउनुभए जस्तै तपाईंलाई पनि हप्काउनुभयो भने, तपाईंको प्रतिउत्तर कस्तो हुन्छ होला ?

८. देहको पुनरुत्थान (जुन इसाई विश्वासमा मात्र सिकाइन्छ) तथा आत्माको अमरणशीलता (जुनचाहिँ अधिकाँश धर्महरूमा सामान्य विश्वास हो) बीच कस्तो भिन्नता रहेको छ ?

९. यदि देहको पुनरुत्थानजस्ता कुरा हुँदैन थियो भने, इसाईत्वले मानिसजातिलाई के दिन्थ्यो होला ?

- मानौं कुनै मानिसले इसाईत्वको सबै शिक्षाहरूमा विश्वास गर्छ तर शरीरको पुनरुत्थानमा विश्वास गर्दैन । किन उसलाई हामी इसाई भनेर भन्न सक्दैनौं होला ?

१०. दुई दिन अघि मात्र पत्रुसले आफ्नो गुरुलाई इन्कार गरेका थिए । जब येशूले उनलाई विशेष अभिवादन पठाउनुभयो, त्यसले उनलाई कस्तो महसुस गरायो होला (७) ?

- कल्पना गर्नुहोस् कि तपाईंले एकदमै डरलाग्दो पाप गरी पठाउनुभएको छ । तर त्यसको लगत्तैंपछि येशूले तपाईंलाई भेट्न चाहनुहुन्छ भनी निम्तो पाउनुभयो भने, तपाईंलाई कस्तो होला ?